# मजदुर
The Worker Daily दैनिक

❍ ग्राहक बन्नु परेमा
❍ नवीकरण गर्नु परेमा
❍ पत्रिका नियमित नआएमा
❍ वितरकहरूसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।

**मजदुर दैनिक**
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



वातावरण स्वच्छ राखौं ।

❖धुवाँ तथा धुलो उडाउने कार्य नगरौं,
❖फोहर तथा प्लास्टिकजन्य पदार्थ नजलाऔं,
❖जथाभावी फोहोर नफालौं,
❖कुहिने र नकुहिने फोहर छुट्याएर व्यवस्थापन गरौं,
❖घर, टोल तथा सडक सफा राखौं,
❖घर वरपर बोटबिरुवा लगाऔं,
❖सवारी साधनबाट निस्किने धुवाँ नियन्त्रण गरौं,
❖वातावरण प्रदूषण नियन्त्रणका लागि सामूहिक प्रयास गरौं।

सफा वातावरण, स्वस्थ जीवन ।

नेपाल सरकार
विज्ञापन बोर्ड



★ वर्ष : २७ ★ अङ्क : ३०४ ★ ने. सं. ११४६ थिंला थ्व, द्वितीया ★ शनिबार ★ ६ मङ्सिर, २०८२ ★ November 22, 2025, Saturday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


## सडक दुर्घटना न्यूनीकरण गर्न देशको सन्तुलित विकास गर्नु आवश्यक




भक्तपुर, ५ मङ्सिर । नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भक्तपुर ट्रक व्यवसायी सङ्घको २६ औं वार्षिक साधारणसभा एक विशेष समारोहबिच शुक्रबार समुद्घाटन गर्नुभयो ।

कार्यक्रममा उहाँले भक्तपुर ट्रक व्यवसायी सङ्घले आफ्नो व्यवसायबाहेक देश र जनताको थप सेवा गर्ने विश्वास व्यक्त गर्दै देशको समुन्नत विकास गर्न राजनीतिक नेतृत्व असल र इमानदार हुनु जरुरी छ भन्नुभयो ।

उहाँले भन्नुभयो, "सरकारहरूले विदेशी गाडी आयातमा भन्सार कर उठाउने र मदिरा तथा सुर्तीजन्य वस्तु उत्पादनमा अन्त शुल्क लगाउनेलाई नै आम्दानीको मुख्य स्रोत बनाउनु  गलत हो । २० वर्षभन्दा पुरानो गाडीलाई चलाउन बन्द नगरी पार्टपुर्जा फेरेर चलाउन दिँदा उपयुक्त हुनुको साथै यसले देशको बजेट विदेशिन रोकिनेछ ।"

दैनिक गुजाराको अतिरिक्त सामाजिक कल्याणको काम जस्तै विद्यालय, कलेज, पुस्तकालय आदि स्थापनामा हरेक असल र बुद्धिमान नागरिक लाग्न जरूरी भएको उहाँले बताउनुभयो ।

"वर्गीय समाजमा बन्द हडताल रोक्न सकिँदैन । परम्परागत विचारलाई त्यागेर नयाँ विचार लिनु भन्नुको अर्थ उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण हुने समाजवादी विचार अँगाल्नु हो", उहाँले थप्नुभयो ।

सचिव सुवालले भन्नुभयो, "सन् १९४७ को गोरखाभर्ती नेपाली युवालाई भाडाको सिपाहीँ बनाउने र सन् १९५० को नेपाल-भारत सन्धि नेपालको सुरक्षा मामिला भारतको छातामा पर्ने भएकोले ती दुवै सन्धि-सम्झौता खारेज गर्नु जरूरी छ ।"

"भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण गर्नुपर्छ । ठुलठुला भ्रष्टाचारी, जघन्य अपराधी र महिला बलात्कारपछि हत्या गर्नेलगायत मानव अधिकारको गम्भीर उल्लङ्घन गर्नेहरूलाई मृत्युदण्डको सजाय हुने कानुनी व्यवस्था जरूरी छ", उहाँले भन्नुभयो ।

सडक दुर्घटना न्यूनीकरण गर्न देशको सन्तुलित विकास गर्नु आवश्यक भएको चर्चा गर्दै सचिव सुवालले भन्नुभयो, "सन् १९१७ मा सोभियत रूसमा अक्टोबर क्रान्ति भएपछि रूसको नेतृत्वले १०-२० वर्षमै देशलाई संसारको दोस्रो अर्थतन्त्रमा पुऱ्याउन सफल भयो । नेपालमा प्रजातन्त्र, बहुदल हुँदै गणतन्त्र आएको ७० वर्ष नाघ्यो । तर, सरकारहरूले सियो पनि बनाउन सकेनन् ।"

नेपाल मजदुर किसान पार्टीले पदलाई भन्दा पनि देश र  जनताको निःस्वार्थ सेवा गर्नेलाई जोड दिँदै आएको छ; २०१९-२० सालदेखि नै पार्टीले भ्रष्टाचारको विरोध गर्दै आएको हो । तर सरकारमा गएकाहरूले भ्रष्टाचार, पक्षपात, नातावादलाई चालु नै राखेका छन्, उहाँले बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले देशको प्राकृतिक स्रोत र साधनको सही उपयोग भए विकास हुने विश्वास व्यक्त गर्दै भक्तपुरलाई सभ्य, सफा र सम्पदा संरक्षित नगरपालिका बनाउन जुटिरहेको बताउनुभयो ।

भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थल बनाउन आवश्यक पूर्वाधार तयार गरिरहेको उल्लेख गर्दै उहाँले विभिन्न विषयका विशेषज्ञ तयार गर्न भूगोल, इतिहास, संस्कृति विषयमा नगरपालिकाले विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गर्दै आएको जानकारी दिनुभयो ।

भनपाले शिक्षा, स्वास्थ्य, सम्पदा, सरसफाइ र विकासमा जोड दिइरहेको स्पष्ट पार्दै उहाँले आर्थिक अभाव भएकोले पनि उच्च शिक्षा हासिल गर्न सकून् भन्ने उद्देश्यले भनपाले शैक्षिक ऋणको व्यवस्था गर्दै आएको उल्लेख गर्नुभयो ।

तिब्बतको शाननान नगरपालिकामा समाजवादी मान्यताअनुसार काम भइरहेको चर्चा गर्दै उहाँले भनपाले ज्ञान, विज्ञान र प्रविधिलाई समेटेर विकास निर्माणका कार्य गरिरहेको बताउनुभयो ।

नेपाल यातायात राष्ट्रिय व्यवसायी महासङ्घका अध्यक्ष विजयबहादुर स्वांरले सरकारले सेवा उद्योगलाई प्राथमिकता राखेर समस्या समाधान गर्नुपर्नेमा जोड दिनुभयो ।

देशको मुख्य आयस्रोतको रूपमा रहेको सवारी साधन बन्द गर्न नहुनेमा जोड दिँदै उहाँले सवारी दुर्घटना हुँदा राज्यको नीतिअनुसार प्रक्रिया अघि बढाउन स्थानीय प्रशासनको ध्यान जानुपर्ने बताउनुभयो ।


***बाँकी पृष्ठ ८ मा***


## सबै संस्थान र भौतिक संरचनाहरू अलपत्र छन्

'अन्नपूर्ण पोस्ट' ले ५ मङ्सिर २०८२ को अङ्कमा लेख्यो – 'भारतले दियो नेपाललाई थप १० बेलीब्रिज' । अन्य दैनिकले पनि त्यस समाचारलाई महत्त्व दिएर लेख्यो, तर पाठकहरूले धेरैपटक प्रधानमन्त्री हुने केपी ओलीलाई सम्झेर भने, "नेपालमा अब बेलीब्रिजको जमाना गयो, आफ्नो पालामा ती सबै ठाउँमा सडक बन्नेछ ।"

त्यसबेला पाठकहरू भन्दै थिए – यो त प्रम ओलीको 'गफ' हो ।

'साढे २ अर्बको मातृशिशु भवन अलपत्र, सञ्चालनको छैन टुङ्गो' यो समाचार हो – धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको ४ सय शय्या क्षमताको मातृशिशु भवन अझै सञ्चालनमा आएको छैन । 'सरकारले दिइसक्यो ५० करोड' तर सञ्चालनमा छैन ।

हिसाब यस्तो छ – २ अर्ब ४९ करोड लागत, ७६ करोड ९० लाख २७ हजार ३० रुपैयाँ सुरुको लागत अनुमान, ४०० शय्याको क्षमता, ५० करोड सञ्चालनका लागि बजेट निकासा, ठेकेदारलाई भुक्तानी १ अर्ब ७८ करोड, ठेकेदारलाई भुक्तानी बाँकी १० करोड ७ लाख' । प्रतिष्ठानको आन्तरिक मनमुटावको कारण अस्पताल सञ्चालनमा आउन सकेको छैन ।

नेपालमा पूर्वप्रधानमन्त्री र नेताहरूको नाममा अनेक भवन, संस्था र पार्कहरूको नाममा सरकारले अर्बौं रूपैयाँ लगानी गरेको वा निर्माण र सञ्चालनको निम्ति कोष र खर्च प्रदान गरेको सर्वविदित छ । तर, सबै संस्थान र भौतिक संरचनाहरू अलपत्र छन् वा विवादको केन्द्र भई लथालिङ्ग छ । सबै नेताहरूको नाममा धरोहरहरूलाई अलपत्र पार्नुमा सञ्चालकहरूको नियतमा त खोट छैन ? भन्ने जनतामा ठुलो शङ्का छ ।

एक समयमा जनताले आदर र सम्मान गरेका नेताहरूका स्मारक र भौतिक संरचनाहरू लथालिङ्ग पार्नु के 'ती सम्मानितहरूको तीन पुस्तालाई नर्कमा पार्ने आशय होइन ?'

'अब यस्ता सम्मानित व्यक्तिहरूको नाममा कुनै भौतिक संरचना बनाउन रोक्नुपर्ने हो कि' भन्ने चर्चा हरेक जिल्लामा बरोबर भएका छन् – संवेदनशील जनतामा !

**'कम्युनिस्ट एकतापछिको राजनीति'**

५ मङ्सिरकै 'अन्नपूर्ण पोस्ट' को यो अभिमतले थोरैलाई उत्साह जगाएको होला र धेरैले 'कम्युनिस्ट आन्दोलनलाई नै अर्को हिलोछ्याप्ने षड्यन्त्र' सम्झेका छन् । हुन त लेखकले '१० वटा राजनीतिक दलको एकता र एकीकरणलाई लिएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हिसाबले महत्त्वका साथ हेरिएको छ' भनी अनुमान गरेका छन् ।

तर, परको कुरा छोडौं, सीमा जोडिएका छिमेकीहरूले नै लेखिएको 'कम्युनिस्ट' र 'काङ्ग्रेस' वा 'स्वतन्त्र पार्टी' को नाममा होइन छिमेकका 'दलहरू' वा शासक 'दलहरू' को रूपमा हेर्छन् । टाढा देशका कम्युनिस्टहरूले पनि सामान्य दलहरूकै रूपमा हेर्छन् । 'मार्क्स' को नाममा होस् वा 'लेनिन' र अरु नेताको रूपमा होस् ।

यसकारण, पहिले पनि 'कम्युनिस्ट' भनिने दलहरू मिलेका र फुटेका थिए, अहिले पनि त्यसैको पुनरावृत्ति नहुने होइन । किन ? 'कम्युनिस्ट' नाम भएसम्म कम्युनिस्टविरोधीहरूले 'सच्चा कम्युनिस्ट सरकार' नबनाउने उद्देश्यले यस्ता जाल बुनिरहनेछन् । यसमा बिनासङ्कोचले चिन्तन गरे हुन्छ । 'ठुला' कम्युनिस्टहरू समाजमा भइरहेसम्म यसको अन्त कतै भएकै छैन र हुँदैन ।

**'जेन-जी' बारे**

२३ जेन-जी समूहले भन्यो – 'माग पूरा नगरे प्रधानमन्त्री फिर्ता हुनुपर्छ' *('नेपाल समाचारपत्र', ५ मङ्सिर, २०८२)* यसको उत्तर विभिन्न पत्रपत्रिकाले गरेका टिप्पणीहरूबारे पाठकहरूको ध्यान जानु स्वाभाविक हो ।

५ मङ्सिर कै 'कान्तिपुर' 'दृष्टिकोण' कोलुममा लेख्यो – जेन-जीको हातमा छ देशको भविष्य' । जेन-जीको अर्थ 'नयाँ पुस्ता' भएसम्म त्यो शीर्षक जहाँ पनि हरेक विषयमा लागु हुन्छ, किनभने पुरानो पुस्ता 'अमर' हुँदैन र त्यस 'नयाँ पुस्ता' कै हातमा संसार छ । तर, व्यक्ति भनेर सबै कुराको छिनोफानो हुँदैन ।

तर, ४ मङ्सिरको 'अन्नपूर्ण पोस्ट' को 'अभिमत' मा 'जेन-जी आन्दोलनको अभिष्ट' शीर्षकमा 'एक जेन-जी नेत्री रक्षा बम अझै भन्दै छिन् – 'सरकार परिवर्तन हाम्रो एजेन्डा थिएन ।' तर, काँधमा राखेर कसले बन्दुक पड्कायो, उनीहरूलाई थाहा दिइएन ।

४ मङ्सिर 'कान्तिपुर' को 'दृष्टिकोण' कोलुममा 'जेन-जी विद्रोह र राज्य रूपान्तरणका चुनौती' मा २०४६ सालको आन्दोलन र जनयुद्ध र विद्रोहहरू भए पनि काङ्ग्रेस, एमाले र 'जनयुद्ध'


***बाँकी पृष्ठ ८ मा***



## जनता म्वाःसा भाषा म्वाई

पीङाकगु नेपालभाषा साहित्य तःमुंज्या व सांस्कृतिक ब्वज्याया ग्वसालय् जुइगु सम्हेबजी, सिरपा लल्हाय्गु ज्याझ्व व मतिनाया चिं लल्हाय्गु ज्याझ्वःसं झायो दियता इनाप याङ च्वङा ।

**ज्याझ्वः**

| | |
|---|---|
| थाय् | : आदर्श आजाद मा.वि./कलेज |
| ई | : सुथाय्सिया ११:०० ता इल्य |
| न्हि ल्या | : २०८२ मङ्सिर ६ गते, शनिबार |
| ल्हापं | : ३००।– (स्वस तका जक) |

(***खाँ ब्याका*** *: पीङाकगु नेपालभाषा साहित्य तःमुंज्या व सांस्कृतिक ब्वज्या सं* पिब्वगु सांस्कृतिक विधाखय् तः लागु विधा व न्हूँ दँ ११४६ या लसताय् झःगु बाजा खलः/दाफा भजन/ब्वनेकुथियाय् पिंता मतिनाया चिं लल्हाय्गु खाँनँ ब्याक च्वङा ।

**ग्वसाखलः**

**पीङाकगु नेपालभाषा साहित्य तःमुंज्या**

नःपुखु-२, भक्तपुर


## निर्वाचनलाई पनि आन्दोलनको रूपमा लिनुपर्ने

सुर्खेत, ५ मङ्सिर । नेपाल मजदुर किसान पार्टी, सुर्खेत जिल्ला समितिको आयोजनामा शुक्रबार वीरेन्द्रनगरमा कार्यकर्ता प्रशिक्षण सम्पन्न भयो ।

कार्यक्रममा नेमकिमाका केन्द्रीय सदस्य एवम् कर्णाली प्रदेश संयोजक सरोजराज गोसाईले भदौ २३ र २४ गतेको घटनाको जिम्मेवारी तत्कालीन सरकारमा रहेका पार्टीमात्र नभएर हालसम्म सरकारमा गएका सबै शासक पार्टीहरूले लिनुपर्ने भनाइ राख्नुभयो । उहाँले एमाले र नेकाको सरकार पूर्णतः असक्षममात्र होइन राज्यका महत्त्वपूर्ण संरचनाहरू कति कमजोर रहेछ भन्ने कुरा भदौ २३ र २४ गतेको घटनाले पुष्टि गरेको विचार राख्नुभयो । उहाँले नेमकिपाले क्रान्तिकारी संसद्वादको नीतिअन्तर्गत चुनावमा भाग लिँदै आएको भन्दै निर्वाचनलाई आन्दोलनको रूपमा लिने विचार राख्नुभयो ।

पुँजीवादी व्यवस्थामा भ्रष्टाचारको अन्त्यको कुरा आकाशको फलजस्तै हुने भन्दै उहाँले तर युवा पुस्ताले भ्रष्टाचारको अन्त्यको निम्ति आवाज उठाउनु सकारात्मक हो भन्नुभयो । नेपालको सन्दर्भमा क्रान्तिकारी भूमिसुधारले मात्र क्रान्तिको रूप लिने भन्दै उहाँले उत्पादनका साधन सामाजिकीकरण, शिक्षा र स्वास्थ्यको निःशुल्क बन्दोबस्त, विकासमा समान अवसरको बन्दोबस्त गर्नु नै क्रान्ति हो भन्नुभयो ।


***बाँकी पृष्ठ ८ मा***


*व्यङ्ग्यचित्रको कुनो*






**बिक्रीमा राखिएको ठेकाठेकी**

बाला चतुर्दशी पर्वको अवसरमा म्याग्दीको बेनी नगरपालिका-९ स्थित गलेश्वर शिवालय परिसरमा बिक्रीका लागि राखिएका ठेकाठेकी । ग्रामीण भेगमा गाईभैँसीको दूध सङ्कलन गर्न र मोही बनाउनका लागि ठेकाठेकीको प्रयोग गरिन्छ । *तस्बिरः कमल खत्री/रासस*

# सार्वजनिक बस नयाँबसपार्कबाट सञ्चालन गर्ने निर्णय कार्यान्वयनमा समस्या

काठमाडौँ, ५ मङ्सिर । सङ्घीय राजधानी काठमाडौँ उपत्यकाबाट बाहिर जाने सबै यात्रुवाहक सवारीसाधन नयाँबसपार्कबाट सञ्चालन गर्ने काठमाडौँ महानगरपालिकाको निर्णय कार्यान्वयनमा समस्या देखिएको छ ।

काठमाडौँ महानगरपालिकाले २०८० जेठ १९ गते सूचना प्रकाशित गरी २०८० असार १ गतेदेखि उपत्यकाबाहिर जाने सम्पूर्ण यात्रुवाहक सवारीसाधन नयाँबसपार्कबाट सञ्चालन गर्ने निर्णय गरे पनि साढे दुई वर्ष बितिसक्दासमेत उक्त निर्णय कार्यान्वयन हुन सकेको छैन । महानगरपालिकाका नगर प्रहरी प्रमुख राजुनाथ पाण्डेले महानगरले सबै सार्वजनिक सवारीसाधनलाई नयाँबसपार्क भित्रबाट सञ्चालन गर्न पहल गर्दै आएको बताउनुभयो ।

"महानगरपालिकाको निर्णयपछि केही सवारीसाधन नयाँबसपार्कबाट सञ्चालन हुन थालेका छन्, बाँकी सवारीसाधन पनि बसपार्क भित्रबाटै सञ्चालन हुनुपर्छ," उहाँले भन्नुभयो । नगर प्रहरी प्रमुख पाण्डेले महानगरले गरेको निर्णय पूर्ण रूपमा कार्यान्वयन गर्न समस्या भएको बताउनुभयो । सबै क्षेत्रको साथ र सहयोगले निर्णय कार्यान्वयन गर्न महानगर प्रहरी प्रतिबद्ध रहेको उहाँको भनाइ थियो ।

हाल काठमाडौँको गौशाला, चावहिल, बालाजु, माछापोखरी, कलङ्की, कोटेश्वर, बल्खुलगायतका चक्रपथ वरपर सडक तथा करिडोरबाट सार्वजनिक सवारीसाधन सञ्चालन हुँदै आएका छन् । महानगरपालिकाले गोँगबुस्थित विष्णुमती किनारमा आफ्नै स्वामित्वमा रहेको १६१ रोपनी क्षेत्रफलमा नयाँबसपार्क निर्माण गरेर लोत्से बहुउद्देश्यीय प्रालिलाई सञ्चालनका लागि दिएको छ ।

महानगरपालिकाका प्रवक्ता नवीन मानन्धरले यातायात व्यवसायीको अटेरीका कारण नयाँबसपार्कबाट सार्वजनिक सवारीसाधन सञ्चालन गर्न कठिनाइ भइरहेको बताउनुभयो । "हामीले सूचना जारी गरेर सबै सार्वजनिक सवारीसाधनलाई अनिवार्य रूपमा नयाँ बसपार्कभित्रबाट सञ्चालन गर्ने भनेका थियौँ तर यातायात व्यवसायी अटेर गर्दै आएका छन्", उहाँले भन्नुभयो ।

महानगरपालिकाले सूचना निकालेपछि काठमाडौँबाट पोखरा, चितवन, बुटवललगायत क्षेत्रमा सञ्चालन हुने ठुला तथा माइक्रोबस नयाँबसपार्कबाट सञ्चालन हुन थालेका छन् । काठमाडौँ महानगरपालिकाको प्रमुखमा बालेन्द्र साह निर्वाचित भएर आएसँगै महानगरपालिकाले चक्रपथको वरपर जथाभावी रूपमा सञ्चालन भएका १०० भन्दा बढी बस टिकट काउन्टर हटाएको थियो ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका वरिष्ठ उपाध्यक्ष पुण्यप्रसाद (सरोज) सिटौलाले राजधानीभित्रको सार्वजनिक सवारीसाधनलाई व्यवस्थित रूपमा सञ्चालन गर्न व्यवसायी तयार रहेको बताउनुभयो । "यात्रु, व्यवसायी र सरकार सबैलाई सहज हुने ढङ्गले सार्वजनिक यातायात सञ्चालन गर्नुपर्छ," उहाँले भन्नुभयो । हाल गोँगबुस्थित नयाँबसपार्कबाट दैनिक लामो दूरीका ३०० र छोटो तथा मध्यम दूरीका २०० बस देशका विभिन्न भागका लागि गुड्छन् । ***(रासस)***

# शान्ति प्रक्रियालाई शीघ्र टुङ्गोमा पुऱ्याउन आयोगको आग्रह

काठमाडौँ, ५ मङ्सिर । राष्ट्रिय मानव अधिकार आयोगले शान्ति प्रक्रियालाई शीघ्र टुङ्गोमा पुऱ्याउन सरकारसँग आग्रह गरेको छ ।

विस्तृत शान्ति सम्झौताको भएको १९ वर्ष पुगेको सन्दर्भमा शुक्रबार आयोगमा प्रवक्ता डा. टीकाराम पोखरेल जारी गरेको प्रेस विज्ञप्तिमा पीडितले राखेका गुनासाहरूको तत्काल सम्बोधन गर्न, राष्ट्रिय मानव अधिकार आयोगले यसअघि गरेका द्वन्द्वकालीन उजुरीहरू उपरका सिफारिसहरू कार्यान्वयन गर्न र सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुऱ्याउँदा पीडितको सन्तुष्टिमा ध्यान केन्द्रित गर्न नेपाल सरकारलाई आग्रह गरेको छ ।

नेपाल सरकार र तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी)बिच २०६३ मङ्सिर ५ गते भएको विस्तृत शान्ति सम्झौताबाट प्रारम्भ भएको शान्ति प्रक्रियाको १९ वर्ष भएको छ । विस्तृत शान्ति सम्झौतामा उल्लेख गरिएका केही कार्य पूरा भए तापनि द्वन्द्वपीडितलाई न्याय प्रदान गर्ने कार्य पूरा हुन नसक्दा पीडितको समयमै न्याय प्राप्त गर्ने अधिकार कुण्ठित बन्न पुगेको आयोगको ठहर छ ।

आयोगले पीडितले आफ्ना उजुरीको गोपनीयतामा शङ्का गरेको, न्याय प्राप्तिमा ढिलाइ हुँदा थप पीडा महसुस भएको, आयोगहरूको गठन प्रक्रियामा आफूहरूसँग पर्याप्त छलफल नभएको, कतिपयले निःशुल्क उपचार नपाएको, द्वन्द्वपीडितको विषयमा सरकार र दल गम्भीर नभएको, जेन्जी आन्दोलनपश्चात् आफ्ना अधिकारका सवाल छायाँमा पर्ने सम्भावना रहेको जनाएको छ ।

"सङ्क्रमणकालीन न्यायसम्बन्धी आयोगहरू घरदैलोमा पुग्न नसकेको, अझै पनि कतिपय पीडितका उजुरीहरू दर्ता छुटेको, द्वन्द्वपीडितको विषयलाई आफ्नो स्वार्थ पूरा गर्ने विषय बनाएको, यौनजन्य हिंसाको सवालमा गोपनीयताको आशङ्का देखिएका कारण कतिपयले उजुरी दर्ता नगराएको, पीडितहरूमा निराशा बढ्दै गएको छ", विज्ञप्तिमा भनिएको छ, "अधिकांश पीडितले अझै पनि परिचयपत्र नपाएको, कतिपय ठाउँमा अझै पनि वास्तविक पीडित पहिचान हुन नसकेको, बेपत्ता भएकाहरूको मृत्युसंस्कार र सम्पत्तिको हस्तान्तरण लगायतमा समस्या भएको छ ।"

आयोगले गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घनका विषयमा पनि मतैक्यता हुन नसकेको तथा राहत, परिपूरणको प्राप्ति र मेलमिलापको वातावरणसमेत बनाउन नसकिएको जस्ता गुनासाहरू पीडितहरूले आयोगको अनुगमन टोलीसमक्ष राखेका जनाएको छ ।

आयोगले विस्तृत शान्ति सम्झौताको कार्यान्वयन सम्बन्धमा अनुगमन गरी समय समयमा प्रतिवेदन प्रकाशन गर्दै आएको छ । आयोगमा दर्ता भएका द्वन्द्वकालीन उजुरीहरूउपर आयोगले अनुसन्धान, निर्णय र सिफारिसहरू गर्दै आइरहेको छ । तर आयोगको सिफारिसबमोजिम हालसम्म पनि मानव अधिकार उल्लङ्घनमा संलग्न दोषीउपर कारबाही र पीडितलाई परिपूरणका कार्यहरू पूरा नहुँदा द्वन्द्वपीडित तथा पीडित परिवारले न्याय प्राप्तिको अनुभूति गर्न नसकेको अवस्था रहेको जनाएको छ । ***(रासस)***

# भक्तपुर घरेलु साकोसको २५ औँ साधारणसभा सम्पन्न

भक्तपुर घरेलु बचत तथा ऋण सहकारी संस्था लि. को २५ औं वार्षिक साधारणसभा संस्थाका जेष्ठ सदस्य एवं पूर्वअध्यक्ष रामबहादुर प्रजापति र बागमती प्रदेश बचत तथा ऋण सहकारी सङ्घ लि. का सञ्चालक समिति सदस्य तथा प्रमुख सहजकर्ता कृष्णगोविन्द लाखाजूको आतिथ्यतामा सम्पन्न भएको छ ।




साधारण सभाको उद्देश्य तथा नीतिको बारेमा छलफल गर्नुपर्ने भनेर सहकारी नियमन प्राधिकरणले सूचना जारी गरेअनुसार ठुला भनिएका संस्थाहरूले साधारण सभाको नाममा ठुला कलाकारहरू, ठुला उच्च पदस्थ व्यक्तिहरूलाई ल्याई नाचगान सङ्गीतबाट मनोरञ्जन गराई सदस्यहरूलाई उपस्थितिमा सही गराउने तथा छलकपट गरी निक्षेप सङ्कलन गरी बचत अपचलन गरेकोले सहकारीमा अहिलेका अवस्था आएको बताउनुभयो । बचतकर्ताले आफूले बचत गर्ने सहकारीको सुक्ष्म अध्ययन गरेर मात्र समुदायमा आधारित सहकारीमा मात्र बचत गर्नुपर्ने बताउँदै उहाँले शुभकामना मन्तव्यको क्रममा साधारण सभामा कूल सदस्यको ५१ प्रतिशत सदस्यहरू सहभागी गराएर मात्र साधारण सभा गर्नुपर्ने बताउँदै यदि ५१ प्रतिशत नपुगेमा कानुनबमोजिम बचतकर्ताले बचत फिर्ता नपाउने, कर्मचारीले तलब दिन नहुने कानुन रहेको बताउनुभयो । उहाँ एकभन्दा बढी सहकारीमा सदस्य बन्न नपाउने कानुन व्यवहारिक नभएकोले सरकारले सहकारी ऐन संशोधन गर्नुपर्ने बताउनुभयो । साथै बचत सिमा संशोधन गर्नुपर्ने, नियमित बचत बढाउनुपर्ने र कर्जा सूचना केन्द्रले आफ्नो काम सुरु गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

संस्थाका संस्थापक अध्यक्ष चन्दनकृष्ण श्रेष्ठले सहकारीहरूले साधारणसभा समयमै गर्नुपर्ने, निक्षेप र ऋणमा बजारअनुसार व्याजदर परिमार्जित गर्नुपर्ने उल्लेख गर्नुभयो र हालको विषम परिस्थितिमा सञ्चालकहरूले कर्जा उठाउन अझ मेहनत गरी असुली गर्नुपर्ने धारणा राख्नुभयो । संस्थाका निवर्तमान अध्यक्ष सत्यनारायण प्रजापतिले समयसाक्षेप साकोसले बचत तथा ऋण परिचालन भएको बताउनुभयो । घरेलु सङ्घको अध्यक्ष श्री श्यामसुन्दर श्रेष्ठले बैङ्कको पहुँचमा नपुगेका लघु घरेलु उद्यमीहरूलाई बिनाधितो कर्जा उपलब्ध गराई सहयोग गर्नुभएकोमा भक्तपुर घरेलु साकोसलाई धन्यवाद ज्ञापन गर्दै ऋणीहरूले पनि समयमा नै साँवा व्याज तिरीदिएर साकोसलाई सहयोग गर्नु ऋणीहरूको कर्तव्य हो भन्नुभयो ।

उक्त कार्यक्रममा संस्थाका अध्यक्ष लक्ष्मण ग्वाछ्वाको सभापतित्वमा सम्पन्न भएको थियो ।

# कोसी प्रदेशमा ४२ हिमताल उच्च जोखिममा

खाँदबारी (सङ्खुवासभा), ५ मङ्सिर । कोसी प्रदेशमा रहेका ४२ वटा हिमताल उच्च जोखिमयुक्त अवस्थामा रहेको अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)ले तथ्याङ्क सार्वजनिक गरेको छ ।

सङ्खुवासभाको सदरमुकाम खाँदबारीमा शुक्रबार आयोजित 'नेपालका हिमनदी तथा हिमतालमा भइरहेको तीव्र परिवर्तनले उत्पन्न जोखिम'सम्बन्धी अन्तरक्रियामा इसिमोडका विज्ञ शरदप्रसाद जोशीले सन् २०२० को प्रतिवेदनमार्फत उक्त तथ्याङ्कबारे जानकारी गराउनुभयो ।

जोशीका अनुसार नेपालमा रहेका दुई हजार ६९ हिमतालमध्ये कोसी क्षेत्रमा मात्र ४२ वटा अत्यन्तै जोखिमयुक्त अवस्थामा छन् । हिमताल फुटे ठुलो जनधन तथा भौतिक संरचनामा विनाश हुनसक्ने उल्लेख गर्दै जोशीले उच्च सतर्कता तथा पूर्वतयारी आवश्यक रहेकामा जोड दिनुभयो ।

सङ्खुवासभामा मात्र भोटखोला र मकालु क्षेत्र गरी चार वटा हिमताल उच्च जोखिम समूहमा परेको उहाँको भनाइ थियो । तीमध्ये तल्लो वरूण क्षेत्रस्थित ठुलोपोखरी हिमताल सबैभन्दा जोखिमयुक्त मानिएको छ । करिब ती किलोमिटर लम्बाइ र करिब २०६ मिटर गहिराइ भएको अनुमान गरिएको उक्त हिमतालका वरिपरि पनि १५ देखि २५ मिटर गहिराइ पनि रहेको उहाँले बताउनुभयो ।

जल तथा मौसम विज्ञान विभाग र युएनडिपी नेपालको सहकार्यमा चार वटा हिमतालका लागि जोखिम न्यूनीकरण योजना कार्यान्वयन भइरहेको उहाँको भनाइ छ । तल्लो वरूणमा रहेको ठुलोपोखरी पनि सो योजनामा समावेश छ ।

हिमताल फुट्ने अवस्था उत्पन्न भए अरुण उपत्यकाका धेरै बस्ती तथा भौतिक संरचना प्रत्यक्ष जोखिममा पर्ने उहाँको भनाइ छ । तिब्बत क्षेत्रबाट बगेर आउने १३ वटा हिमताल पनि उत्तरी भेगका लागि सम्भावित खतरा रहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा इसिमोडकी नीरा श्रेष्ठ प्रधानले विपद्मा असक्त, महिला तथा बालबालिका सबैभन्दा बढी प्रभावित हुने हुँदा तिनलाई लक्षित चेतना अभिवृद्धि र क्षमता विकास कार्यक्रम सञ्चालन भइरहेको बताउनुभयो । जिल्ला समन्वय समिति सङ्खुवासभाका प्रमुख सुमन शाक्यले जोखिमयुक्त हिमतालको दीगो व्यवस्थापनका लागि तत्काल प्रभावकारी कदम चाल्नुपर्नेमा जोड दिनुभयो ।

प्रमुख जिल्ला अधिकारी सिर्जना थपलियालगायत सरोकारवालाको उपस्थिति रहेको कार्यक्रममा हिमताल व्यवस्थापन, जोखिम न्यूनीकरण तथा स्थानीय तयारीबारे विस्तृत छलफल भएको थियो । ***(रासस)***

# कर्णाली प्रदेशमा कृषि बालीले ढाकेको भूमि घट्यो

काठमाडौँ, ५ मङ्सिर । कर्णाली प्रदेशको समग्र कृषि बालीले ढाकेको भूक्षेत्र घटेको छ । नेपाल राष्ट्र बैङ्कले गरेको एक अध्ययनअनुसार आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्ममा कर्णाली प्रदेशको समग्र कृषि बालीले ढाकेको भूक्षेत्र अघिल्लो वर्षको तुलनामा छ दशमलव शून्य आठ प्रतिशतले घटेको हो ।

समीक्षा वर्षमा प्रमुख खाद्य बालीमध्ये धान, मकै, गहुँ, कोदो र जौँले ढाकेको क्षेत्रफलमा क्रमश: पाँच दशमलव ११ प्रतिशत, चार दशमलव १६ प्रतिशत, चार दशमलव ८६ प्रतिशत, ११ दशमलव ५२ प्रतिशत र एक दशमलव ३९ प्रतिशतले घटेको छ ।

त्यसैगरी, तरकारी तथा बागबानी बालीले ढाकेको क्षेत्रफलमा १४ दशमलव ९१ प्रतिशतले ह्रास आएको छभने फलफूल बालीले ढाकेको क्षेत्रफल दुई दशमलव ४० प्रतिशतले वृद्धि भएको छ । समीक्षा वर्षमा कर्णालीमा समग्र कृषि बालीको उत्पादन अघिल्लो वर्षको तुलनामा पाँच दशमलव शून्य एक प्रतिशतले घटेको छ । जसअन्तर्गत खाद्य, नगदे तथा अन्य बालीको उत्पादन तीन दशमलव ९५ प्रतिशतले घटेको छ ।

समीक्षा वर्षमा प्रमुख खाद्य बालीमध्ये धान १० दशमलव २५, गहुँ १७ दशमलव ३१, कोदो २२ दशमलव ९२ र जौँको उत्पादन आठ दशमलव ५५ प्रतिशतले घटेको छभने मकैको उत्पादन चार दशमलव २४ प्रतिशतले बढेको छ । आव २०८१/८२ को असार मसान्तसम्ममा तरकारी उत्पादन र फलफूलखेतीको उत्पादन क्रमश: शून्य दशमलव ८८ र ३६ दशमलव ४१ प्रतिशतले घटेको छ ।

समीक्षा वर्षमा बैङ्क तथा वित्तीय संस्थाबाट कर्णाली प्रदेशको समग्र कृषि क्षेत्रमा प्रवाहित कर्जा कुल कर्जाको आठ दशमलव शून्य दुई प्रतिशत हिस्सा ओगटेको छ । समीक्षा वर्षमा बैङ्क तथा वित्तीय संस्थाबाट प्रदेशको समग्र कृषि क्षेत्रमा प्रवाहित कर्जा गत वर्षको तुलनामा सात दशमलव ७० प्रतिशतले कम हो ।

समीक्षा वर्षमा प्रदेशमा नमुना छनोटमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ४६ दशमलव ५२ प्रतिशत रहेको छ । बिजुलीका तार र केबल उत्पादनसम्बन्धी उद्योगको क्षमता उपयोग सबैभन्दा बढी ९० प्रतिशत रहेको छ । गलैँचा उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम २३ दशमलव शून्य आठ प्रतिशत छ । समीक्षा वर्षमा औद्योगिक कर्जा गत वर्षको तुलनामा एक दशमलव ९४ प्रतिशतले कमी आएको छ । कर्णाली प्रदेशमा प्रवाह भएको समग्र कर्जाको छ दशमलव ५० प्रतिशत हिस्सा औद्योगिक कर्जाले ओगटेको छ ।

त्यसैगरी, समीक्षा वर्षमा यस प्रदेशमा भित्रिने पर्यटकको सङ्ख्या एक दशमलव ७२ प्रतिशतले वृद्धि भएको छ । भारत र चीनबाट भित्रिने पर्यटकको सङ्ख्या क्रमश: २३ दशमलव ८५ र २५ दशमलव ७७ प्रतिशतले कमी आएको छभने तेस्रो मुलुकबाट भित्रिने पर्यटकको सङ्ख्या नौ दशमलव १३ प्रतिशतले वृद्धि भएको छ ।

समीक्षा वर्षमा यस प्रदेशमा बैङ्क तथा वित्तीय संस्थाद्वारा प्रवाहित कुल कर्जामध्ये सबैभन्दा धेरै ८५ दशमलव ४७ प्रतिशत कर्जा सेवा क्षेत्रमा प्रवाह भएको छ । समीक्षा वर्षमा प्रदेशमा वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको शाखा सङ्ख्या चार सय ७५ कायम भएको छ । यस्तै, शाखारहित बैङ्किङ सङ्ख्या १८ कायम भएको छ । समीक्षा वर्षमा यस प्रदेशमा कर्जा तथा निक्षेप अनुपात ६६ दशमलव ८५ प्रतिशत रहेको छ ।

नेपाल विद्युत् प्राधिकरण कर्णाली प्रदेश प्रादेशिक कार्यालयका अनुसार आव २०८१/८२ मा यस प्रदेशमा विद्युत् प्रसारण लाइन तीन हजार ५७५ दशमलव ७४ सर्किट किलोमिटर पुगेको छ । कर्णाली प्रदेशमा निर्माणाधीन पुष्पलाल लोकमार्ग, कर्णाली करिडोर, मदन भण्डारी राजमार्ग र भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको निर्माणकार्यले गति लिइरहेको देखिन्छ । ***(रासस)***



**फलफूलको व्यापार**

बीपी राजमार्गअन्तर्गत सिन्धुलीको गोलञ्जोर गाउँपालिका-५ खनियाखर्कमा बिक्रीका लागि राखिएका जुनार र सुन्तला । सिन्धुलीको स्थानीय उत्पादन जुनार र सुन्तला यो राजमार्ग हुँदै यात्रा गर्ने यात्रुले कोसेलीको रुपमा किन्ने गरेका छन् । खनियाखर्कमा अहिले जुनार प्रतिकिलो रु. ८० देखि रु. १०० सम्म र सुन्तला रु. १२० देखि रु. १५० सम्ममा कारोबार भइरहेको व्यापारी बताउँछन् । तस्बिर: राधिका बुढाथोकी/ रासस

# साँगा–धुलिखेल सडक विस्तार सुस्तगतिमा

काभ्रेपलाञ्चोक, ५ मङ्सिर । अरनिको राजमार्गअन्तर्गत सूर्यविनायक-धुलिखेल सडकखण्डमा स्तरोन्नति कार्यअन्तर्गत पहिलो खण्ड साँगा-धुलिखेल सडक विस्तार सुस्त गतिमा अघि बढेको छ । काम सक्ने सम्झौताअनुसार बाँकी तीन हप्ताको म्याद रहँदा ४० प्रतिशत विस्तार कार्य अधुरो अवस्थामा रहेको छ ।

तीन वर्षमा विस्तार कार्य सक्नेगरी भक्तपुरको सूर्यविनायकदेखि काभ्रेपलाञ्चोकको धुलिखेल सडकखण्डमा स्तरोन्नति कार्यअन्तर्गत पहिलो खण्ड साँगा-धुलिखेल आठ किलोमिटर सडकको विस्तार कार्य २०७९ मङ्सिर २७ गते सम्झौता भएअनुसार अब २१ दिनको समयसीमा रहेको हो । उक्त सडकखण्ड विस्तार कार्यका लागि लामा कन्स्ट्रक्सन कम्पनी प्रालिले तीन वर्षभित्र सक्न रु. चार अर्ब पाँच करोड ६४ लाखमा ठेक्का लिएको थियो ।

करिब तीन वर्षको अवधिमा ६० प्रतिशत मात्रै काम भएको सूर्यविनायक-धुलिखेल, धुलिखेल-सिन्धुली-बर्दिबास सडक आयोजनाका इन्जिनियर विष्णुप्रसाद खनालले जानकारी दिनुभयो । यही मङ्सिर २६ गते पहिलो खण्डको विस्तार कार्यको ठेक्का म्याद सकिनेछ । उक्त सडकखण्ड विस्तारको ठेक्का म्याद सकिनै लाग्दा भने केही स्थानमा तीव्र गतिमा काम भइरहेको छ । केही स्थानमा अवरोधका कारण काम रोकिएको महिनौँ भइसकेको छ । हालसम्म धुलिखेल क्षेत्रमा करिब एक किलोमिटर सडक कालोपत्र भएको छ भने हाल बनेपाको पुलबजार-जनागाल क्षेत्रमा कालोपत्र गर्ने काम भइरहेको छ ।

जनागाल, बाँसघारी-बुडोल, साँगा-भैँसेपाटी, बनेपा बजारलगायतका क्षेत्रमा हाल कामलाई तीव्रता दिइएको आयोजनाका इन्जिनियर खनालले जानकारी दिनुभयो । उहाँका अनुसार पुलबजार-जनागाल क्षेत्रको बनेपातर्फ दायाँतर्फ लम्बाई ८०० मिटर र चौडाइ १० मिटर कालोपत्र सम्पन्न भइसकेको छ । बनेपाबाट साँगातर्फ बायाँ लेनको कालोपत्रको तयारी भइरहेको छ ।

यस्तै हाल बाँसघारी-बुडोल क्षेत्रमा मेन लेनमा कटिङ र सर्भिस लेनमा ग्राभेल राख्ने काम भइरहेको छ । बनेपाको चाँदनी चोकमा कल्भर्ट राख्ने तयारी भइरहेको छ भने बनेपाको चण्डेश्वरी खोला क्षेत्रमा अहिले पर्खाल लगाउने, फिलिङ गर्ने काम भइरहेको छ । साँगा-भैँसेपाटी क्षेत्रको ढुङ्गेधारामा अहिले कटिङको काम भइरहेको छ ।

पछिल्लो समय राजमार्गको पहिलो खण्डको विभिन्न स्थानमा विस्तार कार्यलाई तीव्रता दिइए पनि बनेपा-पुलबजार क्षेत्रमा भने करिब दश महिनादेखि करिब २०० मिटर सडकखण्डको काममा भने स्थानीयद्वारा सेन्टर लाइनको विषयलाई लिएर अवरोध पुऱ्याइएको छ । अवरोधबारे नापी विभाग, स्थानीय जनप्रतिनिधि र स्थानीयबिच समन्वय गरी अवरोध हटाउन धेरै पटक छलफल भए पनि कुनै समाधनको विकल्प ननिस्किएपछि विवादित क्षेत्र छाडेर अन्यत्रको कामलाई तीव्रता दिएको आयोजनाका इन्जिनियर खनालले बताउनुभयो ।

आयोजनाले सूर्यविनायकदेखि धुलिखेलसम्मको दुई खण्डमा करिब ५० प्रतिशत काम भएको जनाएको छ । साँगा-धुलिखेल पहिलो खण्डमा ६० प्रतिशत र सूर्यविनायक-साँगा खण्डमा भने ४२ प्रतिशत काम सकिएको आयोजना प्रमुख विजयकुमार महतोले जानकारी दिनुभयो । उहाँका अनुसार सूर्यविनायक-साँगा खण्डमा केही स्थानका छ घर भत्काउन बाँकी रहेकाले भत्काउने प्रक्रियामा छ ।

सूर्यविनायक-धुलिखेल सडक विस्तार कार्यअन्तर्गत दोस्रो खण्ड सूर्यविनायक-साँगा ७ दशमलव ५ किलोमिटर विस्तारका लागि रु. तीन अर्ब ८८ करोड ९३ लाखमा ठेक्का लगाइएको थियो । उक्त खण्डको ठेक्का अवधि पनि आउँदो पुस १८ गते म्याद सकिँदैछ छ ।

"दुवै खण्डमा विस्तार कार्य सक्न म्याद थपेर आउँदो असार मसान्तसम्ममा काम सम्पन्न गर्नेबारे निर्माण व्यवसायीसँग छलफल भइरहेको छ", प्रमुख महतोले भन्नुभयो । साँघुरो सडकका कारण बर्सेनि ट्राफिक जाम बढ्दै गएपछि ६ लेनमा विस्तार थालिएको हो । ***(रासस)***

# आयोगका पदाधिकारीको राजीनामा माग गर्दै द्वन्द्वपीडित धर्नामा

काठमाडौँ, ५ मङ्सिर । सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग पीडितमैत्री नभएको आरोप लगाउँदै द्वन्द्वपीडितहरू शुक्रबार धर्नामा बसेका छन् ।

विस्तृत शान्ति सम्झौता भएको १९ वर्ष बितिसक्दा पनि न्याय नपाएको गुनासो गर्दै उनीहरूले दुवै आयोग कार्यालय अगाडि साङ्केतिक विरोध कार्यक्रम गरेका हुन् । उनीहरूले दुवै आयोगका पदाधिकारीको राजीनामा पनि माग गरेका छन् ।

'आम द्वन्द्वपीडित समुदाय' को आह्वानमा भएको धर्नामा सहभागी पीडित राम भण्डारीले आयोगप्रति आफूहरूको विश्वास नभएको उल्लेख गर्दै दुवै आयोगका पदाधिकारीको राजीनामा माग गर्नुभयो । आयोगमा वास्तविक पीडितको प्रतिनिधित्व हुने गरी आयोग पुनर्गठन गर्नुपर्ने उहाँका माग छ ।

भण्डारीले आफूहरू करिब दुई दशकदेखि सत्यको खोजीमा रहे पनि राज्यबाट कुनै उत्तर नपाएको भन्दै असन्तुष्टि व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "पीडितहरू न्याय प्रक्रियामा सहभागी हुन पाएका छैनौँ । राज्यले जबरजस्ती आयोग गठन गऱ्यो, त्यसलाई हामीले प्रारम्भदेखि नै अस्वीकार गर्दै आएका छौँ । शुक्रबार सातै प्रदेशमा विरोध कार्यक्रम चलाइरहेका छौँ ।" पीडितहरूले आयोगका कर्मचारीलाई सहानुभूति र समन्वयका लागि पनि आग्रह गरेका थिए ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका सचिव उद्धवप्रसाद पुडासैनीले पीडितको आवाजलाई सम्बोधन गर्दै काम अघि बढाउन आफूहरू प्रतिबद्धत रहेको बताउनुभयो । द्वन्द्वपीडित, राजनीतिक दलगायतका सरोकारवालाहरू एउटै ठाउँमा आउन सके न्यायिक प्रक्रिया तीव्र हुने उहाँको भनाइ थियो । ***(रासस)***

# भेरी करिडोरका हुलाकको अनुगमन

कर्णाली, ५ मङ्सिर । हुलाक निर्देशनालय सुर्खेतले कर्णाली प्रदेशअन्तर्गत भेरी करिडोरमा रहेका हुलाकको अवस्थाबारे अनुगमन गरेको छ ।

हुलाक निर्देशनालय सुर्खेतका निर्देशक गोविन्दप्रसाद पाण्डे नेतृत्वको टोलीले भेरी करिडोरमा रहेका जाजरकोट, डोल्पा, रुकुमपश्चिम तथा सल्यान जिल्ला हुलाक कार्यालय र ती जिल्लास्थित स्थानीय तहमा रहेका हुलाक कार्यालयको अनुगमन तथा निरीक्षण गरेको हो । हुलाक सेवालाई छिटो छरितो, भरपर्दो र व्यवस्थित बनाई प्रभावकारी सेवा प्रवाह गर्ने ध्येयले अनुगमन तथा निरीक्षण गरिएको निर्देशक पाण्डेले जानकारी दिनुभयो । जाजरकोट जिल्ला हुलाक कार्यालय र अन्तर्गतका स्थानीय हुलाक नलगाड नगपालिका, दल्ली र सटही काउन्टर शिवालय गाउँपालिका छेडागाडको स्थलगत अनुगमन गरिएको उहाँले बताउनुभयो ।


यसै क्रममा भूकम्पबाट क्षति भई पुन:निर्माणका क्रममा रहेको जिल्ला हुलाक कार्यालय जाजरकोटको कार्यालय भवनको अनुगमन गरिएको थियो । निर्देशक पाण्डेका अनुसार डोल्पास्थित हुलाकहरूको अनुगमनका क्रममा जिल्ला हुलाक कार्यालय डोल्पा र स्थानीय हुलाक कार्यालय त्रिपुरासुन्दरी नगरपालिका, जिल्ला हुलाक कार्यालय रुकुमपश्चिम, स्थानीय हुलाक कार्यालय आठबीसकोट नगरपालिका राडीज्युला, सानीभेरी गाउँपालिका सिम्ली, हुलाक कार्यालय चौरजहारी नगरपालिकाको सेवा प्रवाह, कार्यालयको भौतिक संरचना डाँकरेखा तथा जनशक्तिको अवस्थाबारे अनुगमन तथा छलफल गरिएको थियो ।

त्यस्तै, हुलाक कार्यालय सल्यानसहित हुलाक कार्यालय वनगाड कुभिण्डे नगरपालिका देवस्थल ( सल्लीबजार), हुलाक कार्यालय कुमाख गाउँपालिका राँगेचौर, हुलाक कार्यालय सिद्धकुमाख गाउँपालिका ढौरचौर, हुलाक कार्यालय बागचौर नगरपालिकाको निरीक्षण गरी जिल्ला हुलाक कार्यालय रुकुमपूर्व रुकुमकोटमा डाँक आदानप्रदानका विषयमा समन्वय तथा अन्तरक्रियात्मक छलफल गरिएको निर्देशक पाण्डेले बताउनुभयो ।

उहाँले भन्नुभयो, "अनुगमनका क्रममा हुलाक सेवाको ऐतिहासिक पृष्ठभूमिलाई जीवन्त राख्दै विश्वजगत्ले वर्तमान समयमा विकास गरेको सूचना प्रविधिलाई हुलाक सेवामा भित्र्याउन आवश्यक पर्ने पूर्वाधारबारे छलफल तथा अनुभव आदानप्रदान गरेका छौँ । यसले देखिएका समस्या समाधान गर्न तथा हुलाक सेवालाई नवीन र प्रविधिमैत्री बनाउन सहयोग पुग्नेछ ।"

सोही क्रममा कार्यालयको जनशक्ति व्यवस्थापन, भौतिक स्रोतसाधनको अवस्था, भवनको अवस्था, सेवा प्रवाह, जनगुनासो, डाँक ढुवानी, सरकारी तथा गैरसरकारी निकायसँगको समन्वयका विषयमा अनुगमन जाँच तथा अन्तरक्रिया गरी टोलीले सम्बन्धित कार्यालयलाई हुलाक सेवा विश्वासिलो र प्रभावकारी बनाउन निर्देशन दिएको छ । हुलाकप्रतिको जनविश्वास कायम राख्न, नागरिकसँग नजिक हुन तथा डाँक ढुवानी कार्यलाई व्यवस्थित गर्न सुझाव दिइएको निर्देशक पाण्डेले बताउनुभयो ।

हार्दिक समवेदना



जन्म : १९९२/04/0५
निधन : २०८२/0७/२५

यस चाँगुनारायण प्रगतिशील सांस्कृतिक समाजका सदस्य हरिशरण फोजु र सांस्कृतिक समाजका शुभचिन्तक तथा सहयोगीहरू रामजीप्रसाद फोजु र रामशरण फोजुकी ममतामयी आमा **सानुमाया फोजु**को ९० वर्षको उमेरमा दु:खद निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

चाँगुनारायण प्रगतिशील सांस्कृतिक समाज
चानपा-५, छालिङ्ग, भक्तपुर

# जलनमा परेका अठार वर्षमुनिका बालबालिकालाई नि:शुल्क उपचार गरिने

काठमाडौँ, ५ मङ्सिर । काठमाडौँको साँखुस्थित सुष्मा कोइराला मेमोरियल अस्पतालले जलनमा परेका १८ वर्षमुनिका बालबालिकालाई नि:शुल्क उपचार गर्ने भएको छ ।

अस्पतालका प्रशासन प्रमुख प्रफुल्ल शर्माले आगोले पोलेका तथा अन्य कुनै कारणले जलनमा परेका बालबालिकालाई नि:शुल्क उपचारको व्यवस्था गरिएको जानकारी दिनुभयो । गतवर्ष १४२ बालबालिकालाई नि:शुल्क उपचार गरेको पनि उहाँले बताउनुभयो ।

अस्पतालका मेडिकल निर्देशक डा सन्तोष भण्डारीले १८ वर्षमुनिका जलनका बिरामीलाई शल्यक्रिया, बेड, ड्रेसिङ, औषधिलगायत सेवा नि:शुल्क उपलब्ध गराइने बताउनुभयो ।

जलनका बिरामीलाई उपचार गराउने मुख्य लक्ष्यसहित सन् १९९७ मा स्थापना भएको उक्त अस्पतालले हालसम्म पाँच लाखभन्दा बढी जलनका बिरामीलाई उपचार प्रदान गरिसकेको जनाइएको छ । ***(रासस)***

**। सम्पादकीय ।**

# भ्रूटको खेती गर्नेदेखि सावधान !

प्रतिक्रियावादीभन्दा प्रतिक्रियावादी सङ्घ संस्थाभित्र पसेर देश र जनताको सेवा गर्ने नीति लेनिनवादी नीति हो। लेनिनवादी नीतिलाई अनुशरण गरेर नै नेपाल मजदुर किसान पार्टीले निरङ्कुश पञ्चायती व्यवस्था र सङ्घीय लोकतान्त्रिक गणतन्त्रजस्तो पुँजीवादी बन्दोबस्तको निर्वाचनलाई उपयोग गर्दै आएको हो। नेमकिपाले आत्मसात गरेको नीतिकै आधारण्मा विगतमा निर्वाचनमा भाग नलिएका दलहरूले पनि निर्वाचनलाई उपयोग गर्दै आएको सबैसामु छर्लङ्ग छ। निर्वाचनमा भाग लिएको आधारमा त्यो व्यवस्थाको समर्थक हुँदैन। पञ्चायती व्यवस्थाको बेला निर्वाचनमा भाग लिए पञ्चायतवादी या राजावादी र पुँजीवादी बन्दोबस्तको बहुदलीय व्यवस्थाको निर्वाचनमा भाग लिए पुँजीवादी या काङ्ग्रेस हुने होइन। के राजतन्त्र अन्त्य हुनुभन्दा अघि निर्वाचनमा भाग लिएका दल र दलका उम्मेदवारहरू सबै राजावादी हुन्छन् ? के अहिले निर्वाचनमा भाग लिएका दल र नेताहरू सबै पुँजीवादी हुन् ?

समाज वर्गमा विभाजित छ। समाजमा सामन्त, प्रतिक्रियावादी, पुँजीवादी, जालीफटाहा, बिचौलिया मात्र होइनन् देश र जनताको सेवामा सङ्घर्षरत कम्युनिस्ट पार्टीको बदनाम गर्न, भ्रूटको राजनीति गरेर जनतामा भ्रम फैलाएर भड्काउने, फुटाउने, नेता तथा कार्यकर्ता तान्न निरन्तर खटिरहेका उत्ताउला मान्छेहरू पनि हुन्छन्। उनीहरू वास्तविकता ढाकछोप गर्न सत्य र सही कुरा छोप्न जाल बुनिरहन्छन्। कुकुरले भ्रैँ भुक्ने र जाल बुन्ने व्यक्तिहरू  समाजका खराब पात्र हुन्। त्यस्ता उत्ताउला र भ्रमको खेती गर्ने व्यक्तिहरू बाँदरे नीति अँगाल्छन्। उनीहरू न अरूलाई बनाउन दिन्छन् न आफूले बनाउँछन्। कम्युनिस्ट भनिने यस्तै नेता तथा कार्यकर्ताहरूको कारण देशले विकास गर्न सकेन। देश अनिर्णयको बन्दी भइरह्यो। सत्तामा पुगेका कम्युनिस्ट पार्टीहरू पुँजीवादी पार्टीमा रूपान्तरण भयो। फलतः कम्युनिस्ट आन्दोलन पछि पर्‍यो। सत्ता भएपछि कम्युनिस्ट पार्टीको सिद्धान्त र विचारको मतलब नराख्ने त्यस्ता दलकै कारण देशमा कम्युनिस्ट पार्टीको बदनाम भयो। तर, सबै कम्युनिस्ट पार्टी बिग्रेका छैनन्। कम्युनिस्ट पार्टीको उद्देश्यअनुसार राजनीति गरिरहेका दलहरू पनि छन्।

शासक दलका कति नेताहरू अरू दलको विरोध  गराउनकै निम्ति खटिएका हुन्छन्। कोही नेताहरू दल फुटाउन त कोही नेता तथा कार्यकर्ता भड्काएर आफ्नो दलमा समावेश गर्ने काममा सक्रिय भएका हुन्छन्। त्यस्ता नेताहरू भए नभएका कुरा फलाक्छन्; बुझ्रेर पनि बुझ्र पचाएर जनतामा भ्रम फैलाउन विरोधको निम्ति विरोध गरिरहन्छन्। अरू दल र दलका नेताहरूको विरोध गर्न पाएपछि आनन्द लिने या आफ्नो उद्देश्य फत्ते भएको सम्भ्रने नेताहरू विरोधको निम्ति विरोध गर्न पछि पर्दैनन्। उनीहरूको काम नै भ्रूट फलाकेर जनतामा भ्रम फैलाउने हो। पञ्चायती निर्वाचनमा भाग लिने दल र दलका उम्मेदवारहरूलाई राजावादी ठान्नु उसको दृष्टिदोषमात्र होइन, जानाजानै विरोध गरिएको हो। निर्वाचनमा भाग लिएको आधारमा यसरी राजावादी हुने भए के निर्वाचनमा भाग लिएका दल र दलका नेता तथा कार्यकताहरू सबै राजावादी र पुँजीवादी पार्टी भए ? यसलाई सही मान्ने हो भने चुनावमा भाग लिने दलले एमाले नाउँ किन राख्नुपर्‍यो ? पार्टीको नाम किन माओवादी या अन्य कम्युनिस्ट पार्टी राख्नुपर्‍यो ?

कसैले भ्र्याल बन्द गर्दैमा सूर्यको ज्योति रोक्न सकिँदैन। नेमकिपा स्थापनाकालदेखि नै पञ्चायती व्यवस्थाको विरोधमा सङ्घर्षरत छ। सामन्तवाद अन्त्य गर्न नै नेमकिपाले कानुनी र गैरकानुनीरूपमा पञ्चायती व्यवस्थाको विरोध गर्दै आएको हो। पञ्चायती व्यवस्थाको विरोधमा सङ्घर्ष गर्दा नेमकिपाका असङ्ख्य नेता तथा कार्यकर्ताहरूले जेल जीवन भोगे, उनीहरू अर्धभूमिगत भए; जाली मुद्दामा परे। नेता तथा कार्यकर्ताले जस्तो दुःख खानु परे पनि पञ्चायती व्यवस्थाविरूद्ध लडिरहे। पञ्चायती व्यवस्था अन्त्य हुनुमा नेमकिपाको पनि महत्त्वपूर्ण योगदान रहेको कुरा इतिहासले भुल्ने छैन। पार्टी स्थापनादेखि सामन्तवादको विरोधमा लड्दै आएको पार्टी र पार्टीका नेतालाई 'राजावादी' भन्ने नेता तथा कार्यकर्ताहरू कहिले पनि सद्दे हुँदैनन्। भ्रूटको खेती गर्नेदेखि जनता सधैँ सचेत र चनाखो हुनुपर्छ।

# स्थानीय तहहरूप्रति यतिको आक्रोश किन ?

✍ **विवेक**

जन आन्दोलनको परिणाम नेपालको संविधान निर्माण भएको १० वर्ष र सङ्घीयता कार्यान्वयनमा आएको साढे आठ वर्ष भयो। यस अवधिमा सङ्घ, प्रदेश र स्थानीय तहको निर्वाचन दुई दुई पटक सम्पन्न भयो। आगामी फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन भए प्रतिनिधिसभाको यो तेस्रो निर्वाचन हुनेछ। सङ्घीयताको कार्यान्वयनसँगै स्थानीय तहहरूलाई विगतको तुलनामा संविधानले नै बढी अधिकार दिएको छ। आधारभूत र मावि शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, सहकारी संस्था, स्थानीय सेवाको व्यवस्थापनलगायत २२ वटा विषयमा स्थानीय तहलाई एकल अधिकार दिइएको छ। ती अधिकारभित्र रहेर देशभरका स्थानीय तहहरूले आआफ्नो क्षमताअनुसार जनतालाई सेवा प्रदान गर्दै छन्।

नेपालमा ७५३ पालिकाहरूमध्ये ४६० गाउँपालिका, २७६ नगरपालिका, ११ उपमहानगरपालिका र ६ महानगरपालिकाहरू छन्। ती पालिकाहरूको आर्थिक स्रोत, जनसङ्ख्या, क्षेत्रफल बराबर नभए पनि ऐन र संविधानले तोकेका अधिकार समान ढङ्गले प्रयोग भइआएको छ। पालिकामा निर्वाचित जनप्रतिनिधिहरूको क्षमताअनुसार ती अधिकारहरूको प्रयोग भइरहेका छन्। स्थानीय तहले सक्रियतापूर्वक काम गर्न थालेपछि सङ्घ र प्रदेश सरकारमा बस्नेहरू स्थानीय तहको अधिकार खोस्न विभिन्न बहाना बनाउँदै छन्।

संविधानले स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र राखेको मावि तहसम्मको शिक्षाको अधिकार खोस्न शिक्षक आन्दोलन गरेको जगजाहेर छ। शिक्षक आन्दोलन शिक्षकहरूको चाहनाभन्दा सङ्घ र प्रदेश सरकारमा रहेका राजनैतिक दलहरूको निर्देशनमा भएको थियो। स्थानीय तहले सूक्ष्म अनुगमन गर्न थालेपछि शिक्षक सङ्घको भ्रोला बोकेर पार्टीको प्रचारमा लाग्ने शिक्षकहरूले त्यो सुविधा पाएनन्। स्थानीय तहले विद्यालय राम्रो बनाउन आपसी प्रतिस्पर्धा नै गर्न थाले। धेरै पालिकाहरूमा शैक्षिक क्षेत्रमा पहिलेभन्दा सुधार भयो। अभिभावकहरूको निजी विद्यालयमा भन्दा सरकारी विद्यालयतिर आकर्षण बढ्न थाल्यो। कुनै कुनै पालिकाले त विद्यालय शिक्षा निःशुल्क घोषणा गर्‍यो, कुनैले गरिबहरूलाई छात्रवृत्तिको व्यवस्था गर्‍यो, कुनैले स्वयम्सेवक शिक्षकको व्यवस्था गर्‍यो त कुनैले भौतिक पूर्वाधारहरू निर्माण गरी सहयोग गर्‍यो। यस्ता विद्यालय सुधारका कार्यहरू सङ्घ र प्रदेशका सञ्चालक दलहरूलाई मनपर्ने कुरै भएन। शिक्षक नियुक्ति, पूर्वाधार निर्माणमा बजेट विनियोजन गर्दादेखि नै कमिसन खान पल्केकाहरू स्थानीय तहलाई अधिकार दिइएकोमा सुरुदेखि नै असन्तुष्ट थिए।

स्थानीय तहलाई आर्थिक, भौतिक र सबै क्षेत्रमा सक्षम बनाउँदै जनताको सेवामा सहजता प्रदान गर्दै लानुपर्नेमा विगतमा भ्रैँ केन्द्र र प्रदेश निर्देशित स्थानीय तह बनाउने निरन्तरको प्रयास जारी रह्यो। सङ्घ र प्रदेशले स्थानीय तहलाई पठाउने समानीकरण बजेट घटाई सशर्त बजेट बढाउँदै लानु त्यसको एक उदाहरण हो भने जिल्लास्तरीय कार्यालयहरूको औचित्य समाप्त भइसकेको अवस्थामा पनि सङ्घ र प्रदेशअन्तर्गतका थुप्रै संरचनाहरू कायमै राखेको मात्र होइन अभ्र बलियो बनाउँदै लानु अर्को उदाहरण हो। समानीकरण अनुदान स्थानीय तहले आफ्नो आवश्यकताअनुसार खर्च गर्न पाउने बजेट हो भने सशर्त बजेट सङ्घ र प्रदेशले नै ठेक्कामा निर्माण गरिने बजेट हो।

सङ्घीयताको राम्रोसँग कार्यान्वयन भइनसकेकै अवस्थामा स्थानीय तहलाई विगतका स्थानीय निकायकै रूपमा व्यवहार गरिँदै छ। नेका, एमाले र माओवादीले पटक पटक सरकारको नेतृत्व गरे तर स्थानीय तहलाई बलियो बनाएर जनतालाई सहज सेवा प्रदान गर्नेतर्फ कुनै पनि सरकारले ध्यान दिएन।

भक्तपुर नगरपालिकाले शिशुस्याहार केन्द्रदेखि दुई वटा इन्जिनियरिङ कलेजसहित ७ वटा उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरू स्थापना गरी देशभरिका विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गर्ने अवसर प्रदान गर्दै छ। मावि तहसम्मको शिक्षा स्थानीय तहमा आएदेखि विद्यालय सहयोगको साथै राम्रो अनुगमनले अहिले सरकारी विद्यालयहरूको शैक्षिक गुणस्तरमा निकै परिवर्तन आयो। परिणाम सङ्घीयतापछिको बितेको ८ वर्षमा भक्तपुर नगरपालिका क्षेत्रबाट निजी विद्यालयहरू दर्जनभन्दा बढी स्थानान्तरण वा खारेज भएको पाइएको छ। भनपा क्षेत्रभित्र मावि तहमा ३६ हजार ५ सयभन्दा बढी विद्यार्थी अध्ययनरत छन् भने सरकारी विद्यालयहरूमा विद्यार्थी राख्ने ठाउँको अभाव हुँदै छ। के यो स्थानीय तहलाई अधिकार दिनुको परिणाम होइन ?

अभ्र भनपाले ख्वप विश्वविद्यालय स्थापनाको निम्ति निरन्तर प्रयास गरिरहेको छ। विश्वविद्यालय चलाउने स्थानीय तहलाई अधिकार नभएको भन्दै सङ्घ सरकारले त्यसलाई रोक्दै छ। विश्वविद्यालय स्वीकृति दिएको भए राज्यको लागि फाइदा पुग्ने थियो। घाटा त मेडिकल कलेज सञ्चालकहरूलाई हुने थियो। तिनीहरूकै दबाबमा आजसम्म ख्वप विश्वविद्यालय विधेयक अघि बढ्न नसकेको हो भन्ने घामजत्तिकै प्रस्ट छ।

**जेन-जी आन्दोलन, भ्रष्टाचार र स्थानीय तह**

सङ्घ, प्रदेश र स्थानीय तहमध्ये स्थानीय तहमा बढी भ्रष्टाचार भएको महालेखा परीक्षकको प्रतिवेदन, अख्तियारको मुद्दा सङ्ख्या, आरोपीहरूको सङ्ख्याले देखाएको छ। रकमको अङ्कमा सानो होस् या ठुलो त्यो भ्रष्टाचार नै हो। त्यो अनैतिक र दण्डनीय अपराध हो। तर, एउटा कुरा के प्रस्ट हुनु जरुरी छ भने सङ्घ सरकारमा भएको एउटा भ्रष्टाचार काण्ड स्थानीय तहमा ४/५ सयवटा भ्रष्टाचारभन्दा ठुलो हुन्छ। ललिता निवासको भ्रष्टाचार काण्ड स्थानीय तहमा भएको हजारौँ भ्रष्टाचारको भन्दा रकममा ठुलो होला। सुनकाण्ड, भुटानी शरणार्थी काण्ड, पतञ्जली जग्गा प्रकरण, लाउडा काण्ड, चेज एयर काण्ड अरबौँमा भएका भ्रष्टाचारहरू हुन्। तर, स्थानीय तहलाई अधिकार दिएपछि धेरै भ्रष्टाचार भएको नियतवस प्रचार गरेर अधिकार कुण्ठित गर्ने प्रयास हुनु राम्रो होइन। भ्रष्टाचारी जोसुकै र जहाँसुकैको होस् सबैलाई कानुनी कारबाहीमा ल्याउनैपर्छ। त्यसले मात्र सुशासनको प्रत्याभूति दिलाउन सकिन्छ।

भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनमा भौतिक संरचनाहरू क्षति भएकामध्ये प्रहरी प्रशासन छोडेर स्थानीय तहहरू नै बढी छन्। ४६० गाउँपालिकामध्ये २२ वटा पूर्ण क्षति र २७ वटामा आंशिक क्षति पुगेको, २७६ नगरपालिकामध्ये ६९ वटामा तोडफोड र ७७ वटामा आगजनी भएको थियो। क्षति विवरणमा ती सबैको गर्दा स्थानीय तहको मात्रै पनि अरबौँको हुन आउँछ। त्यहाँ काम गर्ने व्यक्तिहरूले भ्रष्टाचार गरे होलान्। भवनहरूको के दोष ? जो आए पनि सेवा दिन भौतिक पूर्वाधारहरूको आवश्यकता त पर्छ नै। के भ्रष्टाचारमा भाग नपाएकाहरूले रिस पोखेको त होइन ?

**तराईका स्थानीय तहको कहालीलाग्दो अवस्था**

सिराहाको लाहान नगरपालिका जेन-जी आन्दोलनको क्रममा नराम्ररी क्षति पुगेको पालिकामध्ये एक हो। त्यहाँका सबै कुर्सीहरू, फाइलहरू जलाउनुका साथै पुरै भवन आगजनीमा परी क्षति भएको छ। अहिले पनि जलेका फाइलहरूको डङ्गुर, कुर्सीहरू यत्रतत्र देख्न सकिन्छ भने क्षत विक्षत भवनको कहालीलाग्दो दृश्य लाहान पुग्ने जो कोहीले देख्न सकिन्छ। जनकपुर उपमहानगरपालिका, राजविराज नगरपालिकाको दृश्य त्यो भन्दा खराब छ। गाडी, फर्निचर, विभिन्न कागजातहरू जलेर खरानी भएको दृश्य र सम्पूर्ण सिसाहरू फुटेका भवनहरूले युद्ध क्षेत्रको सम्भ्रना गराउँछ। पालिकामा बस्न राम्रो कुर्सीको बन्दोबस्त छैन, विद्युतको व्यवस्था हुन सकेको छैन, भवनभित्र बसेर सेवा दिन कठिनाइ छ। यस्तो अवस्थामा पनि स्थानीय तहका जनप्रतिनिधिहरू आफ्नो कर्तव्य निर्वाह गरिरहेका छन्। अत्यन्त असहज स्थितिमा सेवा गर्नुपर्दा जनप्रतिनिधि र कर्मचारीहरूको मनोबल कस्तो होला ? सहजै अनुमान गर्न सकिन्छ।

तराईका अधिकांश जिल्ला प्रशासन कार्यालय र प्रहरी चौकीहरू सबै खरानी भएका छन्। देशभरिका ५ सयभन्दा बढी प्रहरी चौकी जलेको रेकर्ड बाहिरिएको छ। जनताको सेवामा खटिने प्रहरीहरूले आफ्नै असुरक्षा महसुस गर्नुपरेको छ। प्रहरी प्रशासनको मनोबल निकै गिरेको देखिन्छ। मनोबल बढाउन सरकारले विभिन्न गतिविधिहरू जारी राख्नु आवश्यक छ। मनोबल गिरेका प्रहरीको भरमा प्रतिनिधिसभाको निर्वाचन गर्न कतिको सहज होला ?

इतिहासमा दोस्रो विश्वयुद्धमा जर्मनी सेनाले सोभियत सङ्घमा धेरै क्षति गरेको पढ्न पाइन्छ। सन् १९४१ मा हिटलरको सेनाले सोभियत सङ्घमाथि आक्रमण गर्दा १७ सय नगर र बस्ती, ७० हजार गाउँ, ३२ हजार कलकारखाना र ६५ हजार रेलबाटो बिगारेको तथा हजारौँ स्कूल कलेजहरू ध्वस्त पारेको इतिहास छ।

वर्तमानमा इजरायली सेनाले प्यालेस्टिनी क्षेत्रमा आक्रमण गरी ६७ हजारभन्दा बढीको ज्यान लिएको, ९० प्रतिशतभन्दा बढी घर, भवन, अस्पताल र स्कूल कलेजहरू खरानी पारेको देख्दै छौँ।

ती त शत्रु सेनाले गरेका क्षति विवरण भए। तर, नेपालको सिंहदरबार, सर्वोच्च अदालत, संसद् भवन, अख्तियार, जिल्ला प्रशासन, पालिकाहरू एकैदिन ५/६ घण्टाभित्र मुकुन्डोधारी नेपालीहरूले नै जलाएका थिए। त्यो कुनै विदेशी सेनाले गरेको आक्रमणभन्दा कम थिएन। यसले जेन-जी आन्दोलनमा मोहडामा नेपाली युवा विद्यार्थी देखिए पनि वास्तवमा नेपाललाई आर्थिक रूपमा तहसनहस गरी विदेशीको शरणमा पार्ने विदेशी तत्त्वहरूकै रहेको आशङ्का पुष्टि हुने आधारहरू विस्तारै खुल्दै छन्।

शासक दलहरू स्थानीय तहमा गएको अधिकार सङ्घमै फिर्ता लिन चाहेको, विदेशीहरू नेपालको आर्थिक अवस्था ध्वस्त पारी उनीहरूको इच्छाअनुसार चल्ने सरकार बनाउन सक्रिय रहेको र नेपाली जनता शासक दलहरूको क्रियाकलापबाट वाक्क दिक्क भएको अवस्थामा जेन-जीले आन्दोलनको आह्वान गरेको हुँदा देशले ठुलो क्षति व्यहोर्नुपरेको देखिन्छ। जेन-जीको काँधमा बन्दुक राखेर साम्राज्यवादी र विस्तारवादीहरू नेपालको राजनीतिमाथि प्रहार गर्दै छन्। देशमा राजनैतिक अस्थिरता ल्याउन चाहने तत्त्वहरूको सक्रियता बढ्दै छ।

यही अवस्थामा जनमत पार्टीका अध्यक्ष सिके राउतले मधेस प्रदेशलाई 'पूर्ण स्वायत्त राज्य घोषणा गर्न अघि बढ्नुपर्ने' आशय व्यक्त गरेका छन्। राज्य अत्यन्त कमजोर भएको, प्रहरी मनोबल गिरेको र राजनैतिक संरचनाहरूले राम्रो काम गर्न नसकेको अवस्थामा विखण्डनको आन्दोलन अघि बढ्यो भने देशले अकल्पनीय क्षति व्यहोर्नुपर्ने दिन आउन सक्छ। 'खास्तोले छोपेको बिरालो म्याउ' कराएजस्तै अब विभिन्न शक्तिकेन्द्रबाट सञ्चालित तत्त्वहरू विस्तारै टाउको उठाउन थाल्दै छन्। सबै सचेत हुनु जरुरी छ।

**शासक दलहरू स्थानीय तहमा गएको अधिकार सङ्घमै फिर्ता लिन चाहेको, विदेशीहरू नेपालको आर्थिक अवस्था ध्वस्त पारी उनीहरूको इच्छाअनुसार चल्ने सरकार बनाउन सक्रिय रहेको र नेपाली जनता शासक दलहरूको क्रियाकलापबाट वाक्क दिक्क भएको अवस्थामा जेन-जीले आन्दोलनको आह्वान गरेको हुँदा देशले ठुलो क्षति व्यहोर्नुपरेको देखिन्छ। जेन-जीको काँधमा बन्दुक राखेर साम्राज्यवादी र विस्तारवादीहरू नेपालको राजनीतिमाथि प्रहार गर्दै छन्। देशमा राजनैतिक अस्थिरता ल्याउन चाहने तत्त्वहरूको सक्रियता बढ्दै छ।**

# जारशाही संसद्मा बोल्शेभिक सांसद – १८

● ए. बादायेभ

*(धातु मजदुर अलेक्सेइ बादायेभ बोल्शेभिक कार्यकर्ता थिए । उनी पुरानो बोल्शेभिक गार्डका सदस्य थिए । सन् १९१२ मा रुसी संसद् 'ड्युमा' को चौथो निर्वाचन भयो । यसलाई चौथो ड्युमा/संसद् भनिन्छ । बादायेभ पिटर्सबर्ग सहरबाट सांसद् बने । बादायेभलगायत पाँच बोल्शेभिक कार्यकर्ता संसद्मा निर्वाचित भएका थिए ।*

*सन् १९१४ को अगस्तमा प्रथम विश्वयुद्ध सुरु भयो । युरोपका साम्राज्यवादी देशहरू गरिब उपनिवेशका प्राकृतिक स्रोतसाधन लुछाचुँडी गर्न नृशंस युद्धमा होमिए । त्यही वर्ष नोभेम्बर महिनामा बोल्शेभिक सांसदहरूलाई पक्राउ गरी साइबेरिया निर्वासनमा पठाइयो ।*

*सन् १९१७ मा लेनिनको नेतृत्वमा महान् अक्टोबर समाजवादी क्रान्ति भयो । क्रान्तिका १५ वर्षपछि सन् १९२९ मा बादायेभको आत्मवृत्तान्त प्रकाशित भयो । पुस्तकको नाम थियो - 'जारशाही संसद्मा बोल्शेभिक सांसद' (The Bolsheviks in the Tsarist Duma) । यो पुस्तक बादायेभको निजी अनुभव, टिपोट र ऐतिहासिक दस्तावेजहरूमा आधारित छ ।*

*सन् १९०५ को क्रान्तिपछि क्रान्तिकारी उभार कसरी सेलायो ? संसद्मा बोल्शेभिक पार्टीको नीति र कार्यशैली कस्तो थियो ? जारशाही रुसका विसङ्गतिहरूलाई बोल्शेभिक सांसदहरूले कसरी उदाङ्गो पार्दै गए ? रुसका कामदार जनतालाई राजनीतिक शिक्षा दिन संसद् र 'प्राभ्दा' पत्रिकाको भूमिका कस्तो रह्यो ? क्रान्तिकारी सङ्घर्ष के-कस्ता उतारचढावबाट गुज्रियो ? सन् १९१७ को अक्टोबर समाजवादी क्रान्तिले कस्तो परिवेशमा आकार लियो ? यी तमाम विषयको जीवन्त चित्रण छ पुस्तकमा । यस हिसाबले बादायेभको आत्मवृत्तान्त संसद्को क्रान्तिकारी उपयोगबारे एक गम्भीर साहित्य तथा ऐतिहासिक दस्तावेज पनि हो । अक्टोबर क्रान्ति दिवसको अवसरमा 'मजदुर' दैनिकमा यही पुस्तकको अनौपचारिक अनुवाद प्रस्तुत छ । सम्पादक)*




विस्फोटमा परेर मरेकाहरूको लास डिसेम्बर २० गते समाधिस्थ गरियो । बिहान ९ बजे हजारौँ मजदुरको मलामी लस्कर लास राखिएको चर्चतर्फ लाग्यो । ओख्ताबाहेक पनि अन्य धेरै उद्योगका मजदुरहरू आएका थिए । उनीहरू लास राखेको शवपेटिकापछि हिँडे । सारा मजदुरले अन्त्येष्टिमा सहभागी हुने निधो गरेपछि नजिकैको एउटा कारखाना त पूरै बन्द भयो । अन्त्येष्टिमा १० हजारभन्दा बढी मानिसले भाग लिए । मलामीहरूको लस्करको अग्रपङ्क्तिमा फूलमाला बोक्नेहरू थिए । एउटा सामाजिक जनवादी समूहको लेखोट पनि थियो । त्यसमा लेखिएको थियो - राजधानीका पीडितहरूप्रति । सेन्ट पिटर्सबर्गमा त्यसबेला उपलब्ध सबै सामाजिक जनवादी सांसदहरू अन्त्येष्टिमा सहभागी थिए ।

पिटर्सबर्गका मजदुरहरूले त्यो अन्त्येष्टिलाई नयाँ-नयाँ पीडितको थुप्रो लगाइरहने पुँजीवादी शासनविरुद्ध विराट प्रदर्शनमा बदलिदिए । प्रत्येक वर्ग सचेत मजदुर एउटा अविरल र कठोर सङ्घर्षको गर्नैपर्ने दृढताले ओतप्रोत भइरहेको थियो ।

'सम्राटलाई प्रतिवेदन' बुझाउन युद्ध मन्त्रालयले विस्फोटबारे छानबिन सुरु गऱ्यो । यस्ता छानबिनको निष्कर्ष सुरुमै थाहा हुन्थ्यो - यस्तो प्रतिवेदन चलाख कर्मचारीहरूले लेख्थे र दोषजति 'देवाधिदेव' माथि लगाइन्थ्यो । सामाजिक जनवादी समूहले पनि आफ्नै तरिकाले छानबिन गऱ्यो । ओख्ताका मजदुरहरूसँग सोधपुछ गर्दै र सम्बन्धित जानकारी जम्मा गर्दै हामीले विस्फोटको वास्तविक कारण र घटना हुँदाको अवस्था उजागर गर्न सफल भयौँ ।

घटनाको तत्कालीन कारण असावधानी थियो । एक मजदुरले चार्ज भइसकेको फ्युजलाई जतनसाथ नसमात्दा विस्फोट भएको रहेछ । नियमअनुसार उद्योगमा एकपल्टमा १० वटा भन्दा बढी फ्युज राख्न नपाइने रहेछ । तर, त्यहाँ हजारौँ फ्युज भण्डारण गरिएको रहेछ । यसैकारण विस्फोटले विकराल रूप लिएको रहेछ । यो तत्कालीन कारण मात्र थियो । मानवीय क्षति बढी हुनुको खास कारण ओख्ता उद्योगको रुग्ण कार्यस्थल थियो ।

विस्फोटकहरूको उत्पादन अत्यन्त जोखिमपूर्ण काम हो । यसको लागि उच्च ज्यालादर दिएर दक्ष जनशक्ति राख्नुपर्छ । तर, उद्योग प्रशासनले सस्तो ज्यामी राख्ने लोभमा खासगरी दक्षताहीन मजदुर र महिलालाई काममा राखेको थियो । उनीहरू सिधै गाउँबाट आएका थिए । आफूले गर्नुपर्ने कामबारे उनीहरूलाई फिटिक्कै थाहा थिएन । लगातार १० घण्टा काम गर्नुपर्थ्यो । तर, ज्यालामा ६५-७५ कोपेक (रुसी पैसा) मात्र पाउँथे । उनीहरू दासभन्दा उति फरक थिएनन् । उनीहरूलाई ज्याला-पुस्तिका दिइएको थिएन । कामको सिलसिलामा उनीहरूलाई दुर्व्यवहार गरिन्थ्यो, जरिवाना तिराइन्थ्यो र मनपर्दी निकाला गरिन्थ्यो ।

मजदुरहरूले शिक्षा लिन खोजे दमन गरिन्थ्यो । उनीहरूले पत्रिका पढेको भन्दा बरु रक्सी खाएर मात्तिएको देख्न चाहन्थ्यो उद्योग प्रशासन । हिंस्रक शोषणको दमन र दिनभरिको काम (त्यसमाथि उद्योग प्रशासनले मजदुरलाई प्रतिदिन ८-९ घण्टा ओभर टाइम वा थप काम गर्न भन्थ्यो) ले थलिएका ओख्ताका मजदुरहरूले विस्फोटकको उत्पादन गर्न चाहिने उच्च सतर्कता र ध्यान दिन नसक्नु स्वाभाविकै थियो ।

यसमा उद्योगको प्राविधिक माहोललाई थप्नुपर्छ । यस्तो कामका लागि उद्योगको हाता साँघुरो थियो । धेरै सरकारी आयोगहरूले उद्योगमा नयाँ उपकरण ल्याउनुपर्ने र उद्योगलाई अन्तै सार्नुपर्ने सिफारिस गरेका थिए । यस्तो अवस्थामा बारम्बार विस्फोटको परिस्थिति तयार हुनु अवश्यम्भावी थियो । सन् १९१३ जनवरी ३ को दिन अर्थात् विस्फोटको दुई हप्तापछि अर्को विस्फोट भयो । त्यसमा थप मजदुर मारिए ।

विस्फोट हुनु र वित्यास पार्नु रुसको औद्योगिक जीवनमा सामान्य नियमजस्तै थियो । पुँजीवादले मजदुरहरूको निर्मम शोषण गर्थ्यो । विभिन्न उद्योगमा हुने हजारौँ मजदुरको मृत्युको दोषी यही पुँजीवाद थियो । संसद्मा हुने प्रश्नोत्तरमा हामीले ओख्ताको भयङ्कर विस्फोटसँगै यी सबै परिस्थितिमा जनताको ध्यानाकर्षण गराउनु थियो । हामीले सदनको मञ्चबाट रुसी सर्वहारा जनता कस्तो परिस्थितिमा काम गर्दै छन् र कति चरम शोषणमा पिल्सिरहेका छन् भनी वर्णन गर्नु थियो । साथमा, हामीले क्रान्तिकारी सङ्घर्षका लागि तिनीहरूको मनोबल बलियो पार्नु थियो ।

घटनाको असामान्य प्रकृति, पीडितहरूको ठुलो सङ्ख्या र अर्को विस्फोटको खतरा टरिनसकेको हुनाले सरकारलाई यस विषयमा प्रश्न गर्न जरुरी थियो । यसपालि संसद्को बहुमतलाई पनि प्रश्नलाई सान्दर्भिक भन्न कर लाग्यो । हाम्रो प्रश्नको सान्दर्भिकताको पक्षमा अक्टोबरवादी र मध्यमार्गीहरूले १३४ मत दिए । यसको विपक्षमा १२७ दक्षिणपन्थी मत खसेको थियो ।

तर, सदनको बहुमतले सान्दर्भिक भन्दैमा हाम्रो प्रश्नलाई सान्दर्भिक नै मानिनुपर्छ भन्ने थिएन । सन् १९१३ को जनवरी २५ को दिन सदनले हाम्रो प्रश्न सान्दर्भिक भएको तय गरे पनि युद्ध मन्त्रीबाट त्यसको जवाफ सुन्न सदनले ६ महिनापछि गर्मी यामसम्म पर्खिनुपऱ्यो । मन्त्रीको उत्तर लिखित थियो । त्यो बेला सांसदहरू गर्मी बिदामा थिए । त्यसकारण, मन्त्रीको जवाफमा छलफल गर्न अर्को ६ महिना पर्खिनुपऱ्यो ।

बहसमा हाम्रो समूहले मलाई वक्ताको रूपमा अघि साऱ्यो । तर, अपेक्षा गरेझैँ बहुमत सांसद सरकारप्रति बफादार रहे र सरकारलाई असजिलो पार्ने केही गर्नबाट पछि हटे । ओख्ता विस्फोटको मुद्दालाई संसदीय आयोगको पर्दापछाडि लुकाइयो । यो मुद्दाले पनि हाम्रो समूहले गरेका अन्य प्रश्नकै नियति भोग्नुपऱ्यो ।

**पाठ ८**

**कपडा कारखानामा तालाबन्दी**

तालाबन्दीको आर्थिक कारण । रोसिस्सकाया मिलमा तालाबन्दी । उद्योग निरीक्षकको रवैया । सेन्ट पिटर्सबर्गका मजदुरहरूको सहयोग । तालाबन्दीबारे प्रश्नोत्तर । म्याक्सवेलको उद्योगमा दोस्रो तालाबन्दी ।


मजदुरवर्गको सङ्घर्ष सघन भयो । यसले गर्दा कारखाना र मिलका मालिकहरू पनि एकजुट भएर परिचालित हुन थाले । मजदुर आन्दोलनको उर्लिंदो छाल देखेर पुँजीपतिहरू तर्से । मजदुरलाई जरिवाना तिराउने, अनुशासनको नाममा दण्डित गर्ने, मजदुर युनियनका सदस्यलाई पक्राउ गर्नेजस्ता दाउपेचको लहर चल्यो । एकजुट भएका पुँजीपतिहरूले मजदुरहरूविरुद्ध एउटा शक्तिशाली हतियार प्रयोग गरे । त्यो थियो - सामूहिक निकाला । तालाबन्दले हजारौँ मजदुरहरूलाई सडकमा पछाऱ्यो । तिनीहरू कङ्गाली र अभावको भुमरीमा पर्ने खतरा आइलाग्यो ।

रुसको कपडा उद्योग आंशिक सङ्कटमा थियो । सङ्कटले मिल मालिकहरूको मुट्ठी बलियो भयो । सन् १९१३ को जनवरीपछि सेन्ट पिटर्सबर्गका कपडा कारखानामा तालाबन्दीको लहर चल्यो । खासगरी ठुला कारखानाभरि तालाबन्दी भयो ।

रोसिस्सकाया सुती मिलमा भएको तालाबन्दी सबैभन्दा लामो थियो । त्यहाँ १२ सय मजदुर काम गर्थे । तालाबन्दी गर्न कारखाना प्रशासनले नै उक्साएको थियो । प्रशासनले सबै ट्रेड युनियनका सदस्यहरूलाई कामबाट निकाल्ने निर्णय गऱ्यो । मालिकहरू बुढाखाडा मजदुरहरूलाई हटाएर जवान मजदुरहरू काममा राख्न चाहन्थे । ती मजदुरले २०-३० वर्षदेखि त्यहाँ काम गर्दै आएका थिए ।

जनवरी २१ को दिन तीस मजदुरहरू कार्डिङ विभागमा उभिएका थिए । त्यति नै बेला पूर्वसूचना नदिइकन तिनको ज्याला प्रतिदिन १० कोपेकका दरले घटाउने जानकारी गराइयो । भोलिपल्ट बिहान त्यो विभागका मजदुरहरूले पुरानै ज्यालादर कायम गर्नका लागि हडताल गर्ने घोषणा गरे । मालिकहरू यही चाहन्थे । त्यो रात मजदुरहरूले पालो फेर्ने बेला वाफ इन्जिन र विद्युतीय चिम बन्द गरियो । मजदुरहरू भित्र पस्ने बित्तिकै तिनलाई अनिश्चित कालका लागि कारखाना बन्द हुने र सबै मजदुरलाई पछि ज्याला बाँड्ने जानकारी गराइयो । मालिकहरू मजदुरहरूलाई उक्साउन चाहन्थे भन्ने स्पष्ट देखियो । ती तीस हडतालीहरूको एउटै माग दैनिक ३ रुबल ज्याला पाउनुपर्छ भन्ने थियो । तर, तिनकै बहानामा हडतालमा भाग नलिएका १२ सय मजदुरलाई रोजगारीबाट निकालियो र भोकमरीतर्फ धकेलियो ।

मालिकहरूले हडतालको लागि उक्साए पनि मजदुरहरू धेरै दिनसम्म समयमै कारखानामा गइरहे । तर, तिनलाई भित्र पस्न दिइएन । दुई दिनपछि गेटमा एउटा सूचना टाँसियो । ज्याला लिनका लागि कार्यालय आउनू भन्ने उर्दी जारी गरिएको थियो । सुरुमा मजदुरहरूले ज्याला लिन अस्वीकार गरे । कामबाट निकाला गरिएकोमा दुई हप्ताको ज्याला हर्जानामा मागे किनभने दुई हप्ताको हडतालमा उनीहरू सहभागी थिएनन् ।




तर, मालिकहरूले तिनलाई हडतालीहरूलाई सघाएको झूटो आरोप लगाए । मजदुरहरू भाडामा बस्ने घरभेटी र आसपासका पसलेहरूले मजदुरहरूलाई पुरानो बक्यौता नतिरेसम्म उधारो नदिने बताए । भर्खर मात्र क्रिसमस चाडको बिदामा धेरै उधारो खाएकोले मजदुरहरूले तिर्नुपर्ने बक्यौता बढी नै थियो । यस्तो दबाब दिएर मजदुरहरूलाई ज्याला लिन कर गरियो । प्रत्येक मजदुरले १०-२० रुबल (रुसी रूपैँया) लिनुपर्ने थियो । तर, सबै रकम पसलेलाई बक्यौता तिर्नमा जान्थ्यो । बदलामा मजदुरहरूले फेरि पनि उधारोमै गुजारा चलाउनुपर्थ्यो र केही दिनसम्म अर्ध भोकमरीको अवस्थामा कटाउनुपर्थ्यो ।

तालाबन्दीको दिन बिहानैदेखि जिल्लाको मिलमा तनावको अवस्था थियो । चिया पसल र भट्टीहरूमा अर्थात् मजदुरहरू जम्मा हुने र आफ्ना कामकाजबारे कुराकानी गर्ने उबेलाका 'मजदुर क्लब' मा मान्छेको घुइँचो लाग्यो । आफ्ना जहानपरिवार भोकभोकै बस्नुपर्ने भयो भन्ने चिन्तैचिन्तामा उनीहरूले अनिँदो रात बिताएका थिए ।

कपडा मजदुरहरूको ज्याला एकदम कम थियो । जति काम गरे पनि उनीहरूले धौधौ गरी ज्यान पाल्थे । त्यसैले बेरोजगार भएको पहिलो दिन भोकै बस्नुपरेको पहिलो दिन पनि बन्यो ।

वर्गसचेत मजदुर, सामाजिक जनवादी र मजदुर युनियनका सदस्यहरूले स्थितिमा सुधार ल्याउन र अलि सङ्गठित प्रयास गर्न खोजे । मजदुरहरूलाई हिम्मत नहार्न आह्वान गरिएको 'प्राभ्दा' का सयौँ प्रतिहरू हतारहतार ठाउँ-ठाउँ पुऱ्याइयो । कारखानामा आइलागेको नयाँ स्थितिबारे सरसल्लाह गर्न बैठक डाक्न खोजियो । तर, तुरुन्तै प्रहरीको एउटा डफ्फा त्यहाँ आइपुग्यो । त्यसले मजदुरहरूलाई तितरबितर पारिहाल्यो ।

तालाबन्दीले ल्याएको विपत्ति र निराशा विस्फोट हुन पनि पाएको थिएन प्रहरीले किनार लगाइहाल्यो । यसपछि मजदुरहरूको मनोदशा बदलियो । मजदुरहरूले लामो सङ्घर्षको तयारी गर्न थाले । प्रहरीले कडा निगरानी गरे पनि मजदुरलाई निकाला गरिएको विषयमा बैठक डाकियो । बैठकमा निकालामा पर्ने सबै मजदुरहरू आपसमा भेटिरहनुपर्ने र सहयोगका लागि सेन्ट पिटर्सबर्गका सबै मजदुरहरूसँग अपिल गर्नुपर्ने निर्णय गरियो । मालिकहरूको तालाबन्दीको बेला रक्सी प्रयोगविरुद्ध कठोर सङ्घर्ष गर्नुपर्ने आवाज उठ्यो । त्यस्तै, मजदुरलाई पढाउन गठन गरिएका शैक्षिक संस्थालाई निःशुल्क कक्षा लिन अनुरोध गर्ने निष्कर्ष निस्कियो । महिला र पुरुष कोही पनि कारखानाको गेटमा नजाला, आफ्नो र मजदुरहरूको लागि दयाको भिख नमाग्ला भन्ने तय भयो । कारखाना खुलिहाले पनि सबै मजदुरलाई काममा बहाल नगरेसम्म एकजना मजदुर पनि भित्र नपस्ने निर्णय पारित गरियो ।

कारखाना मालिकले सरकारले बनाएको नियम भङ्ग गरेको हुँदा मजदुरहरूले उद्योग निरीक्षककहाँ अर्जीपत्र बुझाए । सिद्धान्ततः मजदुरहरूको हितको रक्षा गर्नु नै उद्योग निरीक्षकको कर्तव्य थियो । तर, सेन्ट पिटर्सबर्गको वरिष्ठ उद्योग निरीक्षकको कार्यालयमा जेजस्तो कुराकानी भयो त्यसबाट उसले वास्तवमा कसको हितको 'रक्षा' गर्दो रहेछ भन्ने प्रस्ट भयो ।

-क्रमशः



चीनको दक्षिणपश्चिमी सिचुआन प्रान्तको राजधानी छेङ्डुमा आयोजित विश्व पाण्डा (हाब्रे) साझेदारी २०२५ को उद्घाटन समारोहमा पाण्डा संरक्षणसम्बन्धी एक प्रस्तुतिपछि कलाकारहरू नोभेम्बर २१, २०२५ का दिन । लोपोन्मुख जनावर पाण्डा संरक्षणका लागि हरेक वर्ष भिन्नभिन्न देशमा यस्ता बैठकहरू हुँदै आएका छन् ।
*तस्बिर : सिन्ह्वा/छु पिङगेइ*

# दक्षिण कोरियामा अपदस्थ राष्ट्रपति युनमाथि अनुसन्धान हेरफेरको नयाँ अभियोग

सियोल, ५ मङ्सिर (एपी) । दक्षिण कोरियाका अपदस्थ राष्ट्रपति युन सुक-योललाई उहाँसम्बन्धी अर्को आपराधिक मामिलामा समुद्री डुबान दुर्घटनाको अनुसन्धान हेरफेर गर्न प्रयास गरेको आरोपमा शुक्रबार नयाँ अभियोग दर्ता गरिएको अधिकारीहरूले बताएका छन् ।

यस वर्षको सुरुआतमा डिसेम्बर ३ को मार्शल ल डिक्रीसँग सम्बन्धित विद्रोहको आरोपमा युनमाथि अभियोग लगाइएपछि उहाँ पदच्युत हुनुभएको थियो । जुन महिनामा पदभार सम्हालेपछि नव-निर्वाचित राष्ट्रपति ली जे-म्युङले युनद्वारा मार्शल ल लागू गरेको विषय तथा उहाँ, उहाँकी पत्नी र उहाँका नजिकका सहयोगीहरू संलग्न अन्य घटनाहरूको छानबिनका लागि तीन जना स्वतन्त्र विशेष सल्लाहकारहरू नियुक्त गर्नुभएको थियो ।

शुक्रबार एक स्वतन्त्र विशेष वकिलले युन, पूर्व रक्षामन्त्री तथा अन्य १० जनामाथि शक्ति दुरूपयोग गरेको आरोप लगाउँदै सन् २०२३ मा बाढीपीडितहरूको खोजी तथा उद्धार अभियानका क्रममा मृत्यु भएका समुद्री कोरका जवान चाए सु-ग्युनको मृत्युसम्बन्धी अनुसन्धान प्रतिवेदन परिवर्तन गर्ने प्रयास गरेको दाबी गरेका छन् ।

मरीन कर्प्सको प्रारम्भिक प्रतिवेदनले एक डिभिजन कमान्डरलगायत सात जनालाई चाएको मृत्युका लागि जिम्मेवार ठहर गरेको थियो । तर उक्त प्रतिवेदनमा कमान्डरको नाम समावेश भएको प्रति युनले तीव्र असन्तोष प्रकट गर्दै राष्ट्रपति कार्यालय र रक्षा मन्त्रालयका उच्च अधिकारीहरूलाई मरीन कर्प्समा दबाब सिर्जना गरी कमान्डरलाई छुट्याइने गरी प्रतिवेदन संशोधन गराउन प्रेरित गरेको सहायक विशेष सल्लाहकार चौङ मिन-यङले ब्रिफिङमा बताउनुभयो ।

मरीन कर्प्स अनुसन्धान टोलीका प्रमुख पार्क जङ्ग-हुनले यस्तो दबाब अस्वीकार गर्दै प्रतिवेदन सोझै प्रहरी कार्यालयमा पठाउनुभयो । तर, चौङका अनुसार युनले अधिकारीहरूलाई उक्त फाइल प्रहरीबाट फिर्ता ल्याउन आदेश दिँदै पार्कलाई बर्खास्त गर्न तथा अवज्ञाको आरोपमा अनुसन्धान अघि बढाउन निर्देशन दिनुभएको थियो ।

सहायक सल्लाहकार चौङका अनुसार पार्कको अनुसन्धान प्रक्रिया कानुन र सैन्य सिद्धान्तअनुरूप थियो, तर युन तथा अन्य अभियुक्तहरूले 'व्यवस्थितरूपमा' शक्ति दुरूपयोग गर्दै मरीन कर्प्सको अनुसन्धान टोलीको 'निष्पक्षता र स्वतन्त्रता कमजोर पार्ने' कार्य गरेका छन् ।

जेलमा रहनुभएका पूर्व राष्ट्रपति युनले नयाँ अभियोगबारे तत्काल कुनै टिप्पणी गर्नुभएको छैन । यसअघि उहाँले आफूमाथि लागेको सबै आरोप अस्वीकार गर्दै आउनुभएको थियो ।

युनमाथि विद्रोहको योजना गरेको आरोपमा चलिरहेको मुख्य मुद्दाको फैसला आगामी वर्षको प्रारम्भमा आउने अपेक्षा गरिएको छ । उक्त मुद्दामा दोषी ठहरिए मृत्युदण्ड वा आजीवन कारावाससमेतको सम्भावित सजाय हुनेछ ।

यस्तै, यो महिनाको प्रारम्भमा युनमाथि उत्तर कोरियाली क्षेत्रमा जानाजानी सैन्य तनाव उत्पन्न गर्न तथा मार्शल ल लागू गर्ने औचित्य सिद्ध गर्न ड्रोन उडानको आदेश दिएको आरोपमा पनि अभियोग दर्ता गरिएको थियो ।

# इरान, पाकिस्तान र टर्कीबाट करिब तीन लाख अफगान निर्वासित

काबुल (अफगानिस्तान), ५ मङ्सिर (एएनआई) । लगभग ६० लाख विदेशी नागरिकहरू हाल देशमा बसिरहेको जनाउँदै इरानका आन्तरिक मन्त्री इस्कन्दर मोमेनीले चालु वर्षमा १५ लाखभन्दा बढी आप्रवासीहरू अफगानिस्तानमा फर्केको जनाउनुभएको छ ।

उनीहरूको स्वदेश फिर्तीको पुष्टि गर्दै, इरानको छिमेकी राष्ट्रहरूसँग 'ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्बन्ध' भए पनि आप्रवासीहरूलाई व्यवस्थित गर्ने इरानको क्षमता सीमित रहेको बताएको मिडियाले जनाएका छन् ।

मोमेनीलाई उदृत गर्दै स्वदेश फर्किनेहरू मध्ये ७० प्रतिशतभन्दा बढी स्वेच्छाले फर्केको टोलो न्यूजले जनाएको छ ।

यद्यपि, इरानी अधिकारीहरूले इरान र पाकिस्तानमा अफगान आप्रवासीहरूले कडा नीतिहरू र बढ्दो निर्वासन प्रणालीको कारण कठिन परिस्थितिको सामना गर्न बाध्य भएको जनाएका छन् ।

इरानमा रहेका अफगान आप्रवासीहरूले इरानी सरकारले आप्रवासीहरूलाई कुनै रोजगारी नदिइने घोषणा गुर्का साथै अगामी दिनमा अफगान बालबालिकाहरूलाई स्कूलमा भर्ना नगर्ने सूचना जारी गरी आप्रवासीहरूका ब्याङ्क कार्ड तथा सिम कार्डहरू निष्क्रिय गरिएको बताएका छन् ।

यसैबिच अफगानिस्तानको शरणार्थी र स्वदेश फिर्ती मन्त्रालयले विदेशमा अफगान कैदीहरू संलग्न भएको नयाँ घटनाक्रमको रिपोर्ट जारी गर्दै हालसालै पाकिस्तानको जेलबाट दुई हजारभन्दा बढी अफगान आप्रवासीहरू रिहा भएको जनाएको छ । मन्त्रालयको प्रवक्ता अब्दुलमुतालिब हक्कानीले एक महिनाभन्दा कम समयमा इरान, पाकिस्तान र टर्कीबाट २ लाख ८४ हजारभन्दा बढी अफगानी नागरिकलाई निर्वासित गरिएको बताउनुभएको छ ।

उहाँले पाकिस्तानी जेलहरूबाट रिहा भएका दुई हजार ७६ कैदीहरूसहित निर्वासित आप्रवासीहरूको कुल सङ्ख्या दुई लाख ८४ हजार ७१७ पुगेको बताउनुभएको छ ।

अफगानिस्तानमा युएनएचसीआरका प्रतिनिधिले हालै इरानबाट फर्केका अफगान आप्रवासीहरूमाथि बढ्दो दबाबको चेतावनी दिँदै यो प्रवृत्ति अन्तर्राष्ट्रिय सहायता घट्दै जाँदा देखापरेको जनाएका छन् ।

## विश्व सङ्क्षेप

### बङ्गलादेशमा ५.५ म्याग्निच्युडको भूकम्प

ढाका, ५ मङ्सिर (एपी) । शुक्रबार मध्य बङ्गलादेशमा आएको ५.५ म्याग्निच्युडको भूकम्पले कम्तीमा छ जनाको ज्यान गएको र दर्जनौं नागरिक घाइते भएको अधिकारीहरूले बताएका छन् । राजधानी ढाकाका धेरै भवनहरू भूकम्पको कम्पनले हल्लिएपछि त्रसित बासिन्दाहरू घरबाट बाहिर निस्केर सडकतर्फ दौडिएका थिए ।

भूकम्प स्थानीय समयानुसार बिहान १०:३८ बजे ढाकाबाट करिब २५ किलोमिटर (१६ माइल) टाढा रहेको नरसिङ्गडी जिल्लाको घोरसाल क्षेत्रमा गएको हो । युएस जियोलोजिकल सर्वे (युएसजिएस) का अनुसार भूकम्पको केन्द्रमुनि करिब १० किलोमिटर (६ माइल) गहिराइमा रहेको थियो ।

ढाकास्थित डिबिसी टेलिभिजनले कम्तीमा छ जनाको मृत्यु भएको पुष्टि गरेको छ । ढाकामा विभिन्न भवनका छाना तथा पर्खाल खस्दा तीन जनाको निधन भएको तथा अर्को तीन जना पैदलयात्री भवनको रेलिङ खस्दा ती संरचनामुनि परेर मृत्यु भएको बताइएको छ ।

युएसजिएसका भूकम्प विज्ञहरूका अनुसार भारत र युरेशिया प्लेटहरूको सतत् अन्तरक्रियाका कारण बङ्गलादेशको उत्तरी तथा दक्षिणपूर्वी भाग भूकम्पीय रूपमा सक्रिय क्षेत्र मानिन्छ । तर, देशको मध्य भाग तुलनात्मक रूपमा कम सक्रिय क्षेत्रमा पर्छ, जसकारण यस पटक आएको कम्पन अझ अप्रत्याशित रूपमा अनुभव गरिएको बताइन्छ ।

बङ्गलादेशी अधिकारीहरूका अनुसार उद्धार तथा क्षति मूल्याङ्कनका कार्य निरन्तर जारी छन् । देशभरका नागरिकलाई सतर्क रहन र सम्भावित परकम्पनबारे सचेत रहन अपिल गरिएको छ ।

### पाकिस्तानको रासायनिक कारखानामा विस्फोट, १२ जनाको मृत्यु

इस्लामावाद, ५ मङ्सिर (सिन्ह्वा) । पाकिस्तानको पूर्वी पञ्जाब प्रान्तको आवासीय इलाकामा रहेको रासायनिक कारखानामा शुक्रबार विस्फोट हुँदा १२ जनाको मृत्यु हुनुका साथै अन्य धेरै घाइते भएको प्रहरीले जनाएको छ ।

औद्योगिक सहर फैसलाबादमा स्थानीय समयअनुसार बिहान लगभग ५:३० मा विस्फोट भएको थियो भने विस्फोटले ठुलो आगलागी निम्त्याउँदा कारखाना नजिकैको अन्य सुविधामा फैलिएको प्रहरीलाई उदृत गर्दै, सिन्ह्वाले जनाएको छ । अग्निनियन्त्रक तथा दमकलकर्मीहरूको सयुक्त नियन्त्रण प्रयासले आगो नजिकैका अन्य घरहरूमा पुग्नबाट रोकेको पनि सिन्ह्वाले उदृत गरेको छ ।

प्रहरीका अनुसार विस्फोटको प्रभावले छेउछाउका धेरै घरहरूको पर्खाल तथा छतहरू खसेका थिए भने अधिकांश मृतक र घाइते भएका मानिसहरू क्षतिग्रस्त घरका बासिन्दाहरू रहेका छन् । घाइतेहरूलाई उपचारका लागि नजिकैको अस्पतालमा लगिएको तथा उनीहरूमध्ये धेरैको अवस्था गम्भीर रहेको जनाइएको छ । उद्धार कार्य जारी रहेको उल्लेख गर्दै धेरै मानिसहरू कारखानाभित्र फसेको अनुमान गरिएको हुनाले हताहत हुनेको सङ्ख्या बढ्ने आशङ्का गरिएको छ ।

### कम्बोडियामा रात्री बस दुर्घटना, १६ जनाको मृत्यु

नोम पेन्ह, ५ मङ्सिर (एपी) । कम्बोडियाको प्रमुख पर्यटकीय सहर सिम रिपबाट राजधानी नोमपेन्हतर्फ गइरहेको एक यात्रु बस बिहीबार बिहान मध्य प्रान्त कम्पोङ थोमस्थित पुलबाट नदीमा खस्दा कम्तीमा १६ जनाको दु:खद मृत्यु भएको अधिकारीहरूले बताएका छन् । दुर्घटनामा दुई दर्जनभन्दा बढी यात्रु घाइते भएको प्रहरीले जनाएको छ ।

क्षेत्रका उप प्रहरी प्रमुख सिभ सोभान्नाले बिहीबार राति उद्धारकार्य सकिएपछि मृतकको सङ्ख्या प्रारम्भिक १३ बाट बढेर १६ पुगेको बताउनुभयो । बसमा करिब ४० जनाजति यात्रु सवार रहेको अनुमान गरिएको छ र सबैजना कम्बोडियाली नागरिक भएको अधिकारीहरूले पुष्टि गरेका छन् ।

सोभान्नाका अनुसार प्रारम्भिक अनुसन्धानले बसका चालक रात्रि समयमा सिम रिपबाट यात्रा थालेपछि निदाएर नियन्त्रण गुमाएको आशङ्का गरिएको छ । करिब साढे पाँच घण्टाको नियमित यात्रामा यस्तो घटना हुनु अत्यन्तै दुर्भाग्यपूर्ण रहेको उहाँले बताउनुभयो । मृतकमध्ये चालक पनि समावेश छन् कि छैनन् भन्ने विषय खुलेको छैन । कम्बोडियामा सडक दुर्घटना मुलुककै गम्भीर समस्या मानिन्छ । सार्वजनिक निर्माण तथा यातायात मन्त्रालयका तथ्याङ्कअनुसार सन् २०२४ मा ट्राफिक दुर्घटनामा एक हजार ५०९ जनाले ज्यान गुमाएका थिए भने सन् २०२५ को पहिलो नौ महिनामै एक हजार ६२ जनाको मृत्यु भइसकेको छ ।

# काश्मीर टाइम्समा आतङ्कवादविरोधी छापा, आरोप 'आधारहीन' भन्दै अस्वीकृत

नयाँदिल्ली, ५ मङ्सिर (एएफपी) । भारतीय आतङ्कवादविरोधी एकाइहरूले द काश्मीर टाइम्स कार्यालयमा 'आपराधिक षड्यन्त्र' मा संलग्नता भएको आरोपमा बिहीबार राति छापा मारेका छन् । तर, समाचार साइटले ती सबै आरोपलाई 'पूर्णत: आधारहीन' भन्दै अस्वीकार गरेको छ ।

राज्य अनुसन्धान एजेन्सी (एसआईए) का अनुसार काश्मीर टाइम्सले 'जम्मू-काश्मीरभित्र तथा बाहिर क्रियाशील पृथकतावादी तथा अन्य राष्ट्रविरोधी समूहहरूसँग आपराधिक सम्झौता' गरेको आशङ्कामा अनुसन्धान केन्द्रित गरिएको हो । सन् १९४७ मा ब्रिटिस शासन अन्त्यसँगै भारत र पाकिस्तानबिच विभाजित काश्मीर क्षेत्रमा निरन्तर तनाव रहँदै आएको छ र दुवै देशले हिमाली क्षेत्रलाई पूर्ण दाबी गर्ने भएकाले परिस्थिति संवेदनशील रहँदै आएको छ ।

समाचार आउटलेटले जारी गरेको विज्ञप्तिमा छापा मारिएको कार्यालय विगत चार वर्षदेखि नै बन्द र 'सञ्चालनबाहिर' रहेको थियो भनेको छ । सन् १९५४ मा स्थापित काश्मीर टाइम्सले सन् २०२२ मा अर्को कार्यालयमा भएको सरकारी कारबाहीपछि अनलाइन-मात्र प्रकाशनका रूपमा काम गरिरहेको जनाएको छ । "हाम्रा विरुद्ध लगाइएका यी आरोपहरू डर देखाएर चुप गराउने उद्देश्यले गरिएको प्रहार हो," विज्ञप्तिमा उल्लेख छ ।

एसआइएले खोजबिनका क्रममा एउटा रिभल्भर, केही जीवित गोली र खाली कारतूसहरू जफत गरिएको दाबी गर्दै यसले 'गैरकानुनी कब्जा वा चरमपन्थी समूहहरूसँग सम्भावित सम्बन्ध' को सङ्केत गरेको बताएको छ। यसै क्रममा एजेन्सीले काश्मीर टाइम्सका मालिक प्रबोध जामवालको निवासमा पनि छापा मारेको छ ।

पत्रकार संरक्षण समिति (सिपिजे) ले छापापछि गम्भीर चिन्ता व्यक्त गर्दै यसरी सञ्चारमाध्यमहरूमा बढ्दो दबाब जम्मु-काश्मीरमा पत्रकारिताको स्वतन्त्रतामाथि गम्भीर प्रश्न उठाउने बताएको छ । प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको सरकारले सन् २०१९ मा क्षेत्रको आंशिक संवैधानिक स्वायत्तता खारेज गरेपछि यहाँका धेरै पत्रकारहरूले निरन्तर निगरानी, सोधपुछ, पक्राउ र कार्यालय तथा घरमा छापाजस्ता दबाब खेप्दै आएका छन् ।

यता, नोभेम्बर १० मा दिल्लीको लालकिल्ला नजिक भएको घातक कार विस्फोटपछि भारतीय सुरक्षा निकायहरूले सम्पूर्ण काश्मीर क्षेत्रमा ठुलो मात्रामा खोज तथा अनुसन्धान चलाइरहेका छन् । उक्त विस्फोट काश्मीरी आत्मघाती आक्रमणकारीले गराएको भारत सरकारले बताएको छ ।

तर, काश्मीर टाइम्सको कार्यालयमा गरिएको छापा र दिल्ली घटनाबिच कुनै सम्बन्ध नभएको अधिकारीहरूले स्पष्ट पारेका छन् ।

लघु कथा

# वीर योद्धाहरू

• विद्या

त:मुंज्याको दुबै दिन दिउँसोको साहित्य त:मुंज्या एवं रातिका सांस्कृतिक ब्वज्या (कार्यक्रम) हेरेका साथी दीक्षा र विज्ञा शनिबार अपराह्न भक्तपुरको दरबार क्षेत्रमा भेटघाट गर्छन् । दुबैलाई त:मुंज्याले आफूहरूलाई प्रभाव पारेको या राम्रो लागेको अनुभव बताउन खुबै हतार भएको थियो । दीक्षाले विज्ञालाई सोधिहालिन्, "विज्ञा, तिमीलाई त:मुंज्याको कुन कुराले प्रभाव पार्यो ? मलाई त त्यो भियतनामी वीर योद्धा न्गुयेन वान ट्राइ र उनकी प्रेमिका जीवन सङ्गिनी क्युयेनको नाटकले असाध्यै प्रभाव पार्यो ।" मलाई त त्यो नाटक हेरेपछि अमेरिकी सामाज्यवादको विरुद्ध अहिले नै साथीहरूलाई सचेत, सङ्गठित गरौँ र लड्न जाऊँ-जाऊँ जस्तो लाग्यो । न्गुयेन त्यतिका क्रूर यातना दिंदा पनि देशको लागि झुकेन्, बरु उनले जीवनको बलिदान दिए । उनकी प्रेमिका क्युयेनले पनि न्गुयेनलाई साथ दिइन् । उनी पनि झुकेनन् बरु साथ दिइन् । तिमीलाई थाहा छ ? रसियन छोरी जोया कस्मोदियान्स्कायाले देशको रक्षाको लागि गरेको सङ्घर्षले मलाई अझ बढी प्रभाव पार्यो । उनी त छोरी भएर पनि छोराको भेषमा लाखौँको सङ्ख्यामा रहेका हिटलरको फासीवादी सैनिकको घेराभित्र गएर लड्न गइन् । फाँसी दिनुभन्दा अघि उनले तिनीहरूलाई भनिन्, "मलाई हाम्रो मातृभूमि र तपाईँहरूको रक्षाको लागि मर्न पाएकोमा गौरवको अनुभव हुँदै छ ।"

दीक्षाले पनि विज्ञालाई त्यस्तै अनुभव भएको बताइन् । त:मुंज्यामा विद्वान वक्ताहरूको मन्तव्य, नाटक, गीत, नृत्यहरू सबै राम्रा छन् । मलाई त त्यो त:मुंज्याको मञ्च अगाडिको बाटोमा टाँगेको वीर योद्धाहरूको फोटो र भनाइ, प्यालेस्टिन जनताको सङ्घर्षले अझ बढी प्रभाव पार्यो । ती दुबै सानो तर नेपालजस्तो गरिब देशका वीर योद्धाहरू थिए । उनीहरूले संसारको सिंह हुँ भन्ने अमेरिकी साम्राज्यवादलाई धुलो चताएर पठाएका थिए । उत्तर कोरियाका वीर योद्धा किम इल सङले भनेका थिए, "जनताको सेवा गर्नु एक क्रान्तिकारीको निम्ति सबैभन्दा उच्च आदर्श र कर्तव्य हो । आफ्नो सारा जीवन जनताको निम्ति समर्पित हुनुजस्तो यश र गौरवको कुरा अरु हुनसक्दैन ।" त्यस्तै भियतनामी वीर योद्धा हो चि मिन्हले भनेका थिए, "इमानदारले सामना गर्छ, गद्दारले विश्वासघात गर्छ, वीरले सङ्घर्ष गर्छ, डरछेरुवाले घुँडा टेक्छ ।"

रुसी छोरी जोयाले त देशको लागि ज्यान दिइन् । अर्को वर्षको त:मुंज्यामा हामी पनि यस्तै नाटकमा खेलेर देशको हितमा सङ्घर्ष र काम गर्नुपर्छ है ! अबेला पनि भयो । फेरि घरमा आमाले खाना पकाउन छोडेर कति बेर घुम्न गयो भन्ला भन्दै दुबै घर गइन् ।

# साथीको उपहार

✍ रामेश्वर मचामसी

कक्षा १० सम्म सँगै पढेर छुटेको साथी प्रितमसँग रोशनको अकस्मात् काठमाडौँको रत्नपार्कमा सात वर्षपछि भेट हुन्छ । रोशनले झन्डै नचिनेको तर प्रितमले राम्रैसँग चिनेको रहेछ । उही रोशन जसले प्रितमलाई एसएलसी पास गर्न धेरै सहयोग गरेको थियो ।

ए ! रोशन, के छ हाल खबर, नचिनेको ? रोशनले पनि केही छिनको अलमलपछि चिनिहालेछ । काठमाडौँमा के गर्न हो साथी ? प्रितम बोल्छ । काठमाडौँ घुम्न आएको बेला यसो केही कपडा पनि किनेर लैजाउँ कि भनेर भृकृटीमण्डप घुम्न आएको ।

कस्तो परिवर्तन भएछौ हो तिमी त प्रितम ? के गर्दै हो आजभोलि अनि बिहेसिहे गर्‍यौ कि बाँकी छ ?

बाँकी छ, अब गर्ने । अनि तिमीले गर्‍यौ भनेको सुनेको थिएँ । छोराछोरी पनि भयो कि भएन ? अँ ! भयो एउटा दुई वर्षकी छोरी छिन् । रोशनले जवाफ दिन्छ ।

अनि के गर्दै हो नि आजभोलि ? स्कूलमा त धेरै पढ्ने गर्छौ, राम्रै काम गर्दै हो ? के गर्नु नि केही छैन उही थोरै तलबमा एउटा निजी विद्यालयमा पढाइरहेको छु । त्यो पनि समयमै तलब पाइँदैन । तलब पाउन पटक-पटक कराइरहनुपर्छ । हामी निजी विद्यालयमा काम गर्ने शिक्षकहरूलाई पनि धेरै कठिन पो त छ नि साथी । अनि तिमी नि ? यतिका वर्षसम्म देख्नै पाइएन त ।

छोडौँ सबै कुरा, भोक पनि लाग्यो । जाऔँ खाजा खान । प्रितमले एउटा राम्रो होटलमा लगेर रोशनलाई टन्न खाजा खुवाउँछ र एउटा लुगा पसलमा लगेर रोशन, उनकी श्रीमती र दुई वर्षको उनको छोरीलाई राम्रो लुगा किनेर उपहारस्वरूप दिन्छ र पछि पनि भेट्ने वाचाका साथ आफ्नो मोबाइल नम्बर दिएर रोशनसँग छुट्छ ।

साथीको उपहार पाएर एकछिन त रोशन ट्वाल्ल पर्छ र हेरेको हेरै हुन्छ । पछि रोशनले थाहा पाउँछ कि, प्रितम त पाँच वर्षसम्म विदेश बसेर टन्न पैसा कमाएर स्वदेश फर्केको रहेछ ।


## हार्दिक समवेदना



जन्म
१९९२/०१/१५

निधन
२०८२/०८/03

यस समूहका सदस्य राजाराम सुवाल र बासुदेव सुवालकी ममतामयी माता **सुनक्चारी सुवाल**को दु:खद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**मेथिबारी युवा समूह**
ब्यासी-२, भक्तपुर


कविता

# बाटो बिराउन थालेको होइन र ?

- *सूर्यराम श्रेष्ठ*

*सूर्यको प्रकाश दन्किरहेको दिउँसोको बेला*
*रुखका पातहरू हावाले सिरसिर चलिरहेको बेला*
*देश र जनताको पक्षमा*
*न्याय माग्न*
*आफ्नै माइतीघर मण्डलाबाट*
*एक हुल*
*बानेश्वरको बाटोमा बच्चाहरू आएकै हो,*
*सुख खोज्दै खोज्दै*
*सत्य रोज्दै रोज्दै*
*न्याय माग्दै माग्दै*
*किन्तु, छेकबारले गर्दा*
*बच्चाहरू चिच्याउँदै चिच्याउँदै कराएको पनि हो*
*परको परदेशमा होइन*
*आफ्नै स्वदेशमा.... ।*
*न्याय दिनुपर्थ्यो त्यहाँ*
*सुख दिनुपर्थ्यो त्यहाँ*
*किन्तु,*
*बाटाहरू बनाइदियो रक्ताम्य*
*होलि होइन, होलिझैँ राताम्य पारिदियो*
*ताकी ताकी हानिदियो*
*हानी हानी ढालिदियो*
*होइन निष्पट रातमा*
*होइन अलिकति पनि अँध्यारोमा*
*अनकन्टार सुनसान जङ्गलमा पनि होइन*
*कालो बादल लागेको अँध्यारोमा पनि होइन*
*सूर्यको प्रकाश रुखको सिरसिर हावा चलिरहेकै बेला*
*चकमन्न उज्यालोकै बेला हो,*
*सत्य र न्यायको आवाज बोलेर*
*कम्मर कसेर हिम्मत बोकेर*
*विद्यालय महाविद्यालयको पोशाकमा*
*हिँडिरहेकाहरू छेक्दै*
*उभिरहेकाहरू ढाल्दै*
*गठबन्धनका नियति बोक्नेहरूले*
*साँच्चै, बाटो बिराउन थालेको होइन र ?*
*परको तोक आदेशमा चल्मलाउन लागेको हाइन र ?*
*परको लोभलालचमा सल्बलाउन थालेको होइन र ?*
*खोइ त कारबाहीहरू सत्य र न्यायको पक्षमा*
*खोइ त प्रगतिहरू देश र जनताको पक्षमा*
*यहाँ त मात्र गधा फेरियो*
*पुरानो झिकेर नयाँ राखियो*
*चुनाव र छनाउको कोलाहल मच्चायो*
*पुन: पुन: न्यायमूर्तिहरू घिन लाग्न थाल्यो*
*पुन: पुन: सत्यमार्गहरू विघटन हुन थाल्यो*
*पुन: पुन: आस्थाका धरोहरहरू ढाल्न थाल्यो*
*पुन: पुन: पुरानै पुज्न थाल्यो*
*पुन: पुन: पुरानै बोली बोल्न थाल्यो ।*

# जनवादी क्रान्तिको उद्घोष

*सत्य सुवाल*

*साम्राज्यवादी दलाल तिमीले राष्ट्रिय पुँजी र श्रम बेच्यौ,*
*परजीवी अर्थतन्त्र नाइके ! आत्मनिर्भरताको बाटो छोड्यौ ।*
*राज्यसत्ताको उच्च  तहले जनवादी नैतिकता नै बेच्यो,*
*अनि किनिन्छ महँगो फोन परदेशीले पठाएको ।*
*अनि खिचिन्छ फोटो विदेशी शासकको द्वारमा टाउको निहुराएर,*
*अनि फूर्ति गरेर भनिन्छ दलालले जोडेको छु घडेरी ।*
*अहिले हाइसुख होइन, घोर सङ्कट छ देशमा,*
*स्वाधीनता र श्रमको सम्मान बेचेर,*
*दलालले डलर भित्र्याएकै छ, राष्ट्रले होइन ।*
*देशले पाएकै छ परजीवी रेमिट्यान्स,*
*सुदखोरको ऋण काढेर,*
*युवाहरू खाडी-अस्ट्रेलियातिर लागेकै छन् ।*
*कोही मेक्सिकोको जङ्गलमा हिँड्दा-हिँड्दै,*
*मानव तस्करको हातमा बेचिए,*
*कोही शरणार्थी बन्ने आशमा,*
*साम्राज्यवादीको षड्यन्त्रमा फँसिए ।*
*कोही कोरियाका कृषि फार्महरूमा,*
*सस्ता दासका रूपमा बेचिए ।*
*घर-घरमा उत्पादन भएकै छन्,*
*विदेशीको नाफाका लागि योग्य कामदार ।*
*देशको क्रान्तिकारी शक्ति रित्तिने गरी,*
*बढेकै छ साम्राज्यवादी पलायन ।*
*जब देशमा उत्पादनशील जनशक्ति नै सकिन्छन्,*
*बाबुलाई खाडीमा बेचेर किनेको आइफोनले*
*देश बनाउने सपना कसरी खिच्ला ?*
*श्रीमान्लाई लण्डनमा बेचेर किनेको गहनाले*
*शोषितवर्गको पीडा कसरी छोप्ला ?*
*हरेक दसैँमा घर सम्झेर फर्किने छोराले,*
*म त यहीँ वर्गशत्रुसँग लड्छु भनेर,*
*देशमै उत्पादनमा लागे भने ।*
*हरेक तीजमा हाँस्दै माइत आउने छोरीले,*
*म त विदेशको शोषणबाट मुक्ति चाहन्छु भनेर,*
*आन्दोलनमा सहभागी भए भने ।*
*नेपाली क्रान्तिकारी संस्कृति रहला,*
*श्रमजीवीवर्गको परम्परा फस्टाउला ।*
*खुलामञ्चको ठुलो चौरमा,*
*जनसभा र वर्गसङ्घर्षको भेलामा लाग्ला,*
*चचहुइ गर्दै वर्गशत्रुलाई परास्त गर्ने दृढ सङ्कल्प पलाउला ।*
*अहिले पो दलालहरू छन् ।*
*बेचौँला उनैलाई साम्राज्यवादीलाई,*
*नव-उदारवादी विकासको भ्रम देखाउँदै ।*
*कुनै दिन दलालहरू सकिएलान्,*
*देशमा क्रान्तिकारी शक्ति बलियो होला ।*
*बेच्नलाई वर्गशत्रु नसकिएको दिनसम्म*
*ए श्रमिक जनताको सरकार !*
*- मुखमा स्वाधीनताको गाँस अवश्य रहला,*
*- बस्ने जनवादी बास अवश्य रहला,*
*- बाँच्ने वैज्ञानिक समाजवादको आश अवश्य रहला,*
*अनि मात्र यो देश सदाकालसम्म रहला !*

# टुक्का सजाउँदा !

• *युसुप दुवाल*

कुण्ड कुण्ड पानी
मुण्ड मुण्ड बुद्धि !

मुण्ड मुण्ड बुद्धि
झुन्ड झुन्ड झुङ्गी !

चोक्टा खान्न गएकी बुढी
झोलमा डुबेर मरी !

नामोनिसान मेटाएर
झट्टै नाउँसारी !

लाटो देशमा,
बाठो तन्नेरी

उहीँ नाम्लो,
उहीँ कुम्लो !

अनुहार न दनुवार
मेरो नाम सुनुवार !

ए..... कता ?
यताउता
एकता !


## आदर्श आजाद माध्यमिक विद्यालय

परदेश भीमसेनस्थान, भ.न.पा.-५

## आवश्यकतासम्बन्धी सूचना


**(प्रथम पटक प्रकाशित मिति : २०८२।०८।०६)**

यस विद्यालयमा रित्त रहेका तपसिलअनुसार प्रा.वि. दरबन्दीमा १ (एक) शिक्षक र विद्यालय कर्मचारी दरबन्दीमा १ (एक) कर्मचारी करारमा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले शिक्षकको हकमा शिक्षक सेवा आयोगको करार सूचीमा रहेकालाई ७ दिनभित्र र करार सूचीमा रहेका उम्मेदवार नभए थप ७ दिनभित्र खुला रूपमा तथा विद्यालय कर्मचारीको हकमा १५ दिनभित्र विद्यालय प्रशासनमा शैक्षिक योग्यताको प्रमाणपत्र,स्थायी अध्यापन अनुमतिपत्र,तालिम तथा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र परीक्षा शुल्कको साथै हस्तलिखित आवेदन बुझाउनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| पद | पद सङ्ख्या | न्यूनतम शैक्षिक योग्यता | उमेर | परीक्षाको किसिम | परीक्षा दस्तुर रू. | ग्राह्यता |
|---|---|---|---|---|---|---|
| प्रा.वि. शिक्षक | १ | माध्यमिक शिक्षा परीक्षा (कक्षा १२) वा सो सरह उत्तीर्ण | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको | लिखित, प्रयोगात्मक र अन्तर्वार्ता | ६००। | मा.वि.तहसम्म अङ्ग्रेजी विषय अध्यापन गर्न सक्ने र अनुभवी |
| विद्यालय कर्मचारी (लेखा कर्मचारी) | १ | माध्यमिक शिक्षा परीक्षा (कक्षा १२) वा सो सरह उत्तीर्ण | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको | लिखित, प्रयोगात्मक र अन्तर्वार्ता | ५००। | कम्प्युटरसम्बन्धी तालिम प्राप्त र अनुभवी |

*फोन नं.०१-६६१०५८०*
*शिक्षक छनोट समिति/कर्मचारी छनोट समिति*

# बिन्द्रासैनीमा कार्यकर्ता भेला



दैलेख, ५ मङ्सिर । नेपाल मजदुर किसान पार्टी चामुण्डा बिन्द्रासैनी नगरपालिका वडा नं. ८ मा बिहीबार बिन्द्रासैनीमा कार्यकर्ता भेला भयो ।

नेमकिपा चाबिनपा वडा नं. ८ को गैरे गाउँ टोल समितिका अध्यक्ष भानुभक्त नेपालीको अध्यक्षतामा भएको उक्त भेलामा नेमकिपाका केन्द्रीय सदस्य बखत थापाले शासक पार्टीहरूको असक्षमताका कारण देशमा दिनप्रतिदिन अन्योल बढ्दै गएको उल्लेख गर्नुभयो ।

समाजवादी व्यवस्थामा मात्र तल्लो वर्गका जनताले सुखको सास फेर्न पाउने विचार व्यक्त गर्दै उहाँले सिद्धान्तहीन गठबन्धन गर्दै जसरी पनि सत्तामा पुग्ने र देशलाई परनिर्भर बनाउने शासक दलहरू फेरि विभिन्न रूपमा जनताका माझमा जानसक्नेतर्फ सचेत हुनुपर्ने आवश्यकता औँल्याउँदै जनताको क्रान्तिकारी भावनाले मात्र देशले सही बाटो लिन सक्छ भन्नुभयो ।

दीपक शाहीले वर्गसङ्घर्षको माध्यमबाट अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

भेलामा धनकुमारी शाही, कृष्ण ढकाल, लवराज ढकाल, प्रेमबहादुर शाहीलगायतले आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

भेलाले प्रेमबहादुर शाहीको अध्यक्षतामा ११ सदस्यीय चाबिनपा वडा नं. ८ को वडा सम्मेलन तयारी समिति गठन गरेको छ ।

# नयाँ अध्यागमन ऐन ल्याउन विज्ञहरूको सुझाव

काठमाडौँ, ५ मङ्सिर । सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले अध्यागमन ऐन, २०४९ समयसापेक्ष नभएको भन्दै नयाँ कानुन निर्माण गर्नुपर्ने आवश्यकता औँल्याएको छ ।

समितिको शुक्रबार बसेको बैठकले समयसापेक्ष नयाँ कानुन निर्माण गर्नुअघि हालको विद्यमान कानुनको प्रभावकारी कार्यान्वयनका लागि सहायक कानुनसमेत तत्काल तयार गर्नुपर्नेमा जोड दिएको हो ।

बैठकको निष्कर्षबारे जानकारी दिँदै सभापति मायाप्रसाद शर्माले ३३ वर्ष पुरानो अध्यागमन ऐन हालको परिस्थिति र प्राविधिक विकाससँग अनुकूल नभएकोले नयाँ कानुन निर्माण अपरिहार्य भएको बताउनुभयो । केही दिनअघि लागु गरिएको नयाँ कार्यविधिले केही सहजता ल्याए पनि मूल ऐनसँग मेल खाने सहायक कानुन तत्काल बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो । "विसं २०४९ को ऐनले आजका चुनौतीहरू समेट्न सकेको छैन । सहायक कानुन नबनेका कारण ऐन र व्यवहारबिच ठूलो अन्तरविरोध छ", सभापति शर्माले भन्नुभयो ।

बैठकमा पूर्वमुख्यसचिव शङ्करदास बैरागी, संविधानसभा सदस्य खीमलाल देवकोटा, अध्यागमन विभागका महानिर्देशक रामचन्द्र तिवारी र प्रमुख अध्यागमन अधिकृत नरहरि घिमिरेले राष्ट्रिय सुरक्षा, प्रविधिको प्रयोग, प्रवेशाज्ञा (भिसा) का नयाँ प्रकार, अध्यागमन प्रणाली व्यवस्थापनलगायत विषयमा सुझाव दिनुभयो ।

महानिर्देशक तिवारीले विदेशी नागरिकहरूको आगमन तथा सुरक्षा दृष्टिकोणका बारेमा ध्यान दिनुपर्ने बताउनुभयो । बैठकमा प्रवेशाज्ञा प्रणाली कडा भए नागरिक अन्य देशमार्फत अवैध रूपमा विदेश जान बाध्य हुने भएकाले सहज बनाउनपर्ने बारेमा छलफल भएको थियो । रासस

# सात लाख थान विद्युतीय राहदानी खरिद गर्न विभागलाई स्वीकृति

काठमाडौँ, ५ मङ्सिर । सरकारले अन्तरिम अवधिका लागि सात लाख थान विद्युतीय राहदानी खरिद गर्ने भएको छ ।

आज बसेको मन्त्रिपरिषद् बैठकले नयाँ सम्झौताअनुसार राहदानी जारी नहुँदासम्मको अन्तरिम अवधिका लागि हालकै आपूर्तिकर्ता कम्पनीसँग भेरियसन आदेशमार्फत राहदानी खरिद गर्न विभागलाई स्वीकृति प्रदान गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिनुभयो ।

बैठकले बङ्गलादेशको ढाकामा यही मङ्सिर १० र ११ गते हुने नेपाल-बङ्गलादेश ऊर्जा क्षेत्रको संयुक्त कार्यसमूह तथा संयुक्त सञ्चालक समितिको सातौँ बैठकमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव चिरञ्जीवी चटौत नेतृत्वको प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति प्रदान गरेको छ ।

यसैगरी, लुम्बिनी विकास कोष ( लुम्बिनी विकास परिषद्) का सदस्यसचिवमा गोरखाका दीपक श्रेष्ठलाई मनोनयन गर्ने निर्णय बैठकले गरेको छ ।

मन्त्रिपरिषद्ले उपभोक्ता अदालत र बाल अदालतको सङ्गठन संरचना तथा दरबन्दी स्वीकृत गर्ने निर्णय पनि गरेको छ । त्यसैगरी मङ्सिर ८ देखि १२ गतेसम्म चीनको सिजाङ (तिब्बत) स्वशासित क्षेत्रको ल्हासा सहरमा आयोजना हुने महिला सेमिनारमा सहभागी हुन आदिवासी जनजाति आयोगका सदस्य रीना रानालाई स्वीकृति प्रदान गरिएको छ । रासस

**सडक...**

नकारात्मक होइन रचनात्मक सोचको विकास गर्नुपर्ने धारणा राख्दै उहाँले सार्वजनिक यातायातको लागि बसपार्कको कमी भएको बताउनुभयो ।

प्रमुख जिल्ला अधिकारी उमेश ढकालले आइपरेको समस्यालाई सबै मिलेर सहकार्य गर्दै विवेक पुऱ्याएर समाधान गर्नुपर्ने बताउनुभयो ।

कानुनको दायराभित्र रहेर पदको जिम्मेवारी सम्हाल्नुपर्नेमा जोड दिँदै उहाँले सभ्य समाज निर्माण गर्न र शान्ति सुरक्षाको व्यवस्था गर्न जिल्ला प्रशासन कार्यालय लागिपर्ने बताउनुभयो ।

नेपाल इँटा उद्योग महासङ्घका अध्यक्ष केपी अवालले आफ्नो हक हितको निम्ति संस्था आवश्यक भएको औँल्याउँदै राजनीति स्थिर नभएसम्म व्यवसायीहरू मर्कामा पर्ने र सुशासन कायम नहुने धारणा राख्नुभयो ।

देशमा पूर्वाधारको कमीले व्यवसायीहरूले अनेक चुनौती सामना गरिरहेको उल्लेख गर्दै उहाँले आफ्नो कर्म क्षेत्रमा लाग्दा हिम्मत हार्न नहुने बताउनुभयो ।

भक्तपुर ट्रक व्यवसायी सङ्घका संस्थापक अध्यक्ष विश्वराम कवांले हरेकले पदीय जिम्मेवारी इमानदारीपूर्वक पालना गर्नु जरुरी छ भन्दै आन्दोलन गर्ने प्रजातान्त्रिक अधिकार भए पनि तोडफोड र आगजनी गर्नु ठीक नभएको धारणा राख्नुभयो ।

देशमा देखिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँगै विदेशी चलखेल बढिरहेकोमा चिन्ता व्यक्त गर्दै उहाँले सार्वजनिक वा व्यक्तिको सम्पत्ति तोडफोड र आगजनी गर्दा गृह प्रशासन मौन रहन नहुने बताउनुभयो ।

नेपाल राष्ट्रिय ट्रक तथा ट्रिपर महासङ्घका संयोजक नवीन प्रजापतिले देशको विकास र राष्ट्रिय जीवनसित सम्बन्धित सवारी साधनलाई राज्यले उपेच्छित गर्न नहुने बताउनुभयो ।

देशको राजस्व वृद्धिमा महत्त्वपूर्ण योगदान गर्दै आएको सवारी साधन र यातायात व्यवसायीहरूको मर्का सरकारले बुझ्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले दुर्घटना न्युनीकरणको लागि उचित पहल गर्नेतर्फ राज्यले ध्यान दिनुपर्ने बताउनुभयो ।

भक्तपुर ट्रक व्यवसायी सङ्घका अध्यक्ष लक्ष्मीप्रसाद गोराको सभापतित्वमा भएको सो कार्यक्रममा भक्तपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष रोशनी धौबन्जार, इँटा बिक्री डिपो सङ्घ काठमाडौँ उपत्यकाका चन्द्रकृष्ण ग्वाछ्रा, आयोजक सङ्घका उपाध्यक्ष नाति ह्योम्बा र सङ्घका सचिव जितेन्द्र खायमलीले पनि बोल्नुभएको थियो ।

**सबै...**

भन्नेहरूले 'पार्टीभित्र तीनवटै पार्टी' ले 'सैद्धान्तिक, कार्यक्रमिक भिन्नता' देखाइएन र व्यवहारमा पञ्चायती राप्रपासँग भिन्नता जाहेर गरेन । 'राज्य रूपान्तरण' बारे भदौ २३ र २४ मा कान्छो पुस्ताले असैद्धान्तिक, अराजनैतिक, कार्यक्रमहीनता र अत्यधिक देश दोहनविरुद्ध विद्रोह गरेको थियो ।' 'त्यो कुनै सैद्धान्तिक, वैचारिक वा ... कार्यक्रमिक अवधारणासँग प्रत्यक्ष सङ्गठित विद्रोह थिएन ।' साथै त्यसको कुनै राजनैतिक उद्देश्य र अन्तर्राष्ट्रिय सम्बन्ध र ऐक्यबद्धता प्रस्ट थिएन ।

**निर्वाचनलाई....**

नेमकिपा, सुर्खेत जिल्ला समितिका अध्यक्ष हरिबहादुर बोहराको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा पार्टीका सल्लाहकार समिति सदस्य नर्मा गुरुङ, पार्टीका वैकल्पिक केन्द्रीय सदस्य तुल्सी खड्का, प्रदेश समिति सदस्य धनेन्द्र विक, पार्टी जिल्ला समितिका उपाध्यक्ष अकल राना, सचिव लालबहादुर थापालगायतले आफ्नो विचार राख्नुभएको थियो ।

कार्यक्रममा सहभागीले पार्टीका सदस्य तथा जनवर्गीय सङ्गठनका सदस्यहरूबिच पार्टी नीति तथा कार्यक्रमबारे अन्तरक्रिया भएको थियो ।

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर
आयव्यय विवरणसम्बन्धी सूचना
भक्तपुर नगरपालिका कार्यालयको २०८२ कार्तिक महिनासम्मको आयतर्फ रू. ३९,९४,६२,८२८।९६ र व्ययतर्फ रू. ३४,२०,४५,८९६।६२ रहेको छ ।

हार्दिक समवेदना

जन्म १९९२/०१/१५
निधन २०८२/०८/०३
यस G-52 Saving Fund का सदस्य एवं हाम्रा आत्मीय मित्र बासुदेव सुवालकी पूजनीय आमा **सुनक्चारी सुवाल**को असामयिक निधनमा हामी स्तब्ध भएका छौँ । आज मृतकको निधन भएको चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामनासहित भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौँ ।
G-52 SAVING FUND
BHAKTAPUR

हार्दिक समवेदना

जन्म २०२१/१२/२३
निधन २०८२/०७/२४
यस विद्यालयका शिक्षक राजेश भोयद्योकी ममतामयी माता **मैया भोयद्यो**को दु:खद निधन भएको आज १३ औँ दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।
विद्यालय व्यवस्थापन समिति तथा विद्यालय परिवार
नवीन आधारभूत विद्यालय
गोल्मढी-७, भक्तपुर

हार्दिक श्रद्धाञ्जली


जन्म : २०२१/१०/१५
निधन : २०८२/०८/०३
यस संस्थाको सदस्य नं. ३९४८ का सदस्य **नानु प्रजापति**को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछ ।
भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.
च्याम्हासिंह, भनपा-९

हार्दिक समवेदना

जन्म २०२१/१२/२३
निधन २०८२/०७/२४
यस संस्थाका सञ्चालक समितिका सदस्य राजेश भोयद्योकी पूजनीय आमा **मैया भोयद्यो**को दु:खद निधन भएको आज १३ औँ दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।
सुनाखरी कृषि सहकारी संस्था लि.
भक्तपुर, कमलविनायक-१०, लान्चाफल्चा

हार्दिक समवेदना

जन्म १९९२/०१/१५
निधन २०८२/०८/०३
यस संस्थाका सञ्चालक समितिका अध्यक्ष बासुदेव सुवालकी पूजनीय आमा तथा यस संस्थाका कर्मचारी रमिला कोजुकी सासूआमा **सुनक्चारी सुवाल**को दु:खद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।
सुनाखरी कृषि सहकारी संस्था लि.
भक्तपुर, कमलविनायक-१०, लान्चाफल्चा

हार्दिक श्रद्धाञ्जली

जन्म : १९९७/१०/२२
निधन : २०८२/०७/१८
यस संस्थाको सदस्य नं. २५७१ का सदस्य **कृष्ण फेलु**को असामयिक निधन भएकोले दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछ ।
भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.
च्याम्हासिंह, भनपा-९

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा